होर्मुज क्षेत्रमा मानवीय सहायता सुनिश्चित गर्न संयुक्त राष्ट्र सक्रिय पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २७ •अंक २९९ • २०८२ साल चैत १५ गते आइतबार (29 March, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

# तत्कालीन प्रधानमन्त्री ओली र लेखक पक्राउ

## एमालेद्वारा देशव्यापी प्रदर्शन, कांग्रेस कानुनी र राजनीतिक प्रतिवाद गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी आन्दोलनका क्रममा भएका मृत्युसम्बन्धी घटनामा अनुसन्धानका लागि भन्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएको छ । तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेपछि नेकपा एमालेका नेता तथा कार्यकर्ताले देशभर सरकारको विरोधमा प्रदर्शन गरेका छन् भने नेपाली कांग्रेसले कानुनी तथा राजनीतिक रुपमा प्रतिवाद गर्ने जनाएको छ ।

नेकपा एमालेका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओली पक्राउको विरोधमा शनिबार जनकपुरधामसहित देशभर एमालेका नेता तथा कार्यकर्ताहरले प्रदर्शन गरेका छन् ।

अध्यक्ष ओलीलाई पक्राउको विरोधमा सडक संघर्ष गर्ने एमालेको सचिवालय बैठकबाट निर्णयसमेत गरेको छ । काठमाडुस्थित माइतीघरमा भेला भएका एमालेका जनसंगठनमा आबद्ध कार्यकर्ताहरुले प्रदर्शन गरेका छन् । सो क्रममा माइतीघरदेखि बबरमहल-बिजुलीबजार क्षेत्र तनावग्रस्त बनेको थियो । कार्यकर्ताले ओलीको रिहाइको माग गर्दै गृहमन्त्रीको राजीनामा मागेका छन् । सडकका डिभाइडर तोडफोड गर्दै टायर बालेर प्रदर्शन गरेका कारण सडकमा सवारीसाधन ठप्प थियो । टायर र डिभाइडर जम्मा पारेर कार्यकर्ताले जलाउँदा प्रहरीले त्यसलाई रोक्ने प्रयास गरेको थियो ।

काठमाण्डुमा प्रदर्शनमा उत्रिएका एमालेका कार्यकर्ता र प्रहरीबीच विभिन्न स्थानमा घम्साघम्सी पनि भएको थियो ।



पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखक पक्राउ गरेको विरोधमा भएको प्रदर्शनको क्रममा माइतीघरबाट नयाँ बानेश्वरतिर जाने क्रममा एमाले कार्यकर्ता र प्रहरीबीच ठाउँठाउँमा घम्साघम्सी भएको थियो ।

जनकपुरधाममा शान्तिपूर्ण रुपमा एमालेका नेता तथा कार्यकर्ताहरुले पार्टी अध्यक्ष ओलीलाई पक्राउ गरेको विरोधमा प्रदर्शन गरेका छन् ।

यता पार्टी अध्यक्ष ओली र कांग्रेस नेता रमेश लेखकलाई 'गैरकानुनी र राजनीतिक प्रतिशोध' का आधारमा पक्राउ गरिएको भन्दै एमालेले रिहाइको माग गरेको छ । ओली र लेखक पक्राउ परेको सम्बन्धमा निर्णय गर्न बसेको सचिवालय बैठकबाट राजनीतिक र कानुनी रुपमा घटनाको प्रतिवाद गर्ने निर्णय गरेको महासचिव शंकर पोखरेलले जानकारी दिए ।

एमालेले २०८२ भदौ २३ र २४ गतेको घटनाको छानबिनका लागि तत्कालीन सरकारले गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरेको आयोगप्रति पार्टीको सुरुदेखि नै असहमति रहेको पुनः दोहोऱ्याएको छ ।

अध्यक्ष ओली र कांग्रेस नेता लेखकमाथि गरिएको 'नियोजित तथा गैरकानुनी गिरफ्तारीको विरोध गर्दै उनीहरुको रिहाइ, कानुनी शासन, लोकतन्त्र र मानवअधिकारको संरक्षणका लागि राजनीतिक दल, नागरिक समाज र आम जनसमुदायलाई संयुक्त तथा प्रभावकारी पहल गर्ने' एमालेले निर्णय गरेको छ ।

ओलीको गिरफ्तारीविरुद्ध आइतबार पार्टी जिल्ला कमिटीहरूको आयोजनामा जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारलाई विरोधपत्र बुझाउने एमालेले निर्णय गरेको छ । कानुनी प्रतिवादका लागि कानुनविद्हरुसँग छलफल गरी अघि बढ्ने महासचिव शंकर पोखरेलले बताए ।

त्यस्तै नेपाली कांग्रेसले पार्टी नेता लेखक पक्राउको विरोधमा सडक आन्दोलनमा नजाने बताए पनि शेरबहादुर देउवा समूह भने प्रतिशोध साध्ने उद्देश्यले पक्राउ गरेको जनाएको छ ।

पार्टी कार्यालय सानेपामा संस्थापन पक्षको बसेको पदाधिकारी बैठकपछि प्रवक्ता देवराज चालिसेले आफूहरू विधिको शासन मान्ने भन्दै पूर्वगृहमन्त्री समेत रहेका लेखक पक्राउपछि चयनमुखी ढंगले पक्राउ गरेकाले कानुनी बाटो अनुसार अघि बढ्ने बताए ।

तर देउवा समूहका नेता पूर्णबहादुर खड्काले कांग्रेसका कार्यवाहक सभापतिको हैसियतमा विज्ञप्ति जारी गर्दै संविधानको मर्मविपरीत लेखकलाई पक्राउ गरेको भन्दै तत्काल रिहा गर्न माग गरेका छन् ।

संवैधानिक, कानूनी र राजनीतिक रूपमा प्रतिवाद गर्नको लागि पार्टीपंक्तिलाई आह्वान समेत गरेका छन् । यता पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने गरेको निर्णय अपरिपक्व निर्णय भएको टिप्पणी गरेकी छन् ।

कार्की आयोगको प्रतिवेदन स्वयंमा पूर्ण नभएको कुरा अध्ययनहरूले देखाएको सन्दर्भमा ओली र लेखकलाई पक्राउ गरिनु अत्यन्तै संवेदनशील र दूरगामी प्रभाव पार्ने विषय भएको उनले बताइन् ।

हतारमा गरिएको निर्णयले विधिको शासनप्रति जनविश्वास कमजोर बनाउन सक्ने र मुलुकमा पुनः द्वन्द्व तथा अस्थिरताको जोखिम बढाउनसक्ने उनको कथन छ ।

## उपेन्द्र र बादल पनि टार्गेट

**टुडे समाचारदाता**

जनकपुरधाम । नवनियुक्त गृहमन्त्री सुधन गुरुंगको नयाँ टार्गेटको रुपमा नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापा बादल र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पक्राउ गर्ने आन्तरिक तयारी गरेको बुझिएको छ ।

भुटानी शरणार्थी काण्डमा पूर्वगृहमन्त्रीसमेत रहेका उपाध्यक्ष रामबहादुर थापा बादल र रौतहटमा १८ बर्षअघि तत्कालीन नेकपा माओवादीसंग भिड्दा २७ जना मारिनुका साथै ५३ जना घाइते बनाइएको गौर प्रकरणमा जसपाका अध्यक्ष यादवलाई पक्राउ गर्ने स्रोतको दाबी छ ।

गौरीबहादुर कार्की आयोगको छानबिन प्रतिवेदनका आधारमा शनिबार बिहान एमाले र कांग्रेसका दुई शीर्षनेता समातेर हौसिएको बालेन नेतृत्वको सरकारले भुटानी काण्ड र गौर हत्याकाण्डलाई प्राथमिकतामा राखेर कारबाही अघि बढाउन लागेको छ । यसका लागि गृहमन्त्री सुधन गुरुंगले शनिबार बिदाको दिनसमेत मन्त्रालयमा फाइल मगाइ अध्ययनसमेत गरेका छन् ।

## राजनीतिक गतिविधि नियाल्दै हाई अलर्टमा प्रहरी

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि देशभर आन्दोलन चर्किएको छ । देशव्यापी रुपमै आन्दोलन चर्किने सम्भावना रहेको आँकलन गर्दै मधेश प्रदेश प्रहरीले राजनीतिक गतिविधिलाई मध्यनजर गर्दै मधेश प्रदेशमा उच्च सतर्कता अपनाउने भएको छ ।

देशमा उत्पन्न राजनीतिक गतिविधिप्रति गम्भीर हुँदै मधेशमा उच्च सतर्कता अपनाउन प्रहरी मुख्यालयले निर्देशन दिएको छ । नेकपा एमालेका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओली र नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्व गृहमन्त्री लेखक पक्राउ परेपछि प्रहरी मुख्यालयले मधेश प्रदेश प्रहरीलाई हाई अलर्टमा बस्न सकुर्लर जारी गरेको छ ।



शनिबार बिहानदेखि नै हाई अलर्टमा रहन सर्कुलर भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख गोविन्द थपलियाले जनाए अनुसार शनिबारदेखि गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमार्फत हाई अलर्टमा बस्न सर्कुलर जारी भएको छ ।

पछिल्लो समय देशमा उत्पन्न विकसित अवस्था र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै मधेश प्रदेश प्रहरी र मातहतका प्रहरी युनिटहरूलाई हाई अलर्टमा बस्न भनिएको डिआइजी थपलियाले बताए । प्रहरी मुख्यालयको उक्त निर्देशन पछि अहिले सूक्ष्मरुपमा सबै गतिविधि नियाल्ने काम भइरहेको उनको भनाइ छ ।

डिआइजी थपलियाले भने, 'आजदेखि हामी सबै राजनीतिक गतिविधि बारे सूक्ष्म हिसाबले सूचना लिने काम सुरु गरेका छौ, बिहानको निर्देशन पछि ८ वटै जिल्लाका प्रहरी प्रमुख (एसपी)साबहरुबाट समन्वय हिसाबले प्रहरी खटाउने कार्य चलिरहेको छ। हाई अलर्टमा बसेर कडा निगरानीका साथै प्रहरी सक्रियता बढाइको छ।'

शनिबारदेखि लागू हुने गरी जिल्ला प्रहरी प्रमुखसहित सम्पूर्ण प्रहरी कर्मचारीको बिदा पनि स्थगित गरिएको डिआइजी थपलियाले बताए ।

भदौ २३ र २४ गते भएको जेन- जी आन्दोलनको छानबिनका लागि गठित उच्चस्तरीय जाँचबुझ आयोगको सिफारिस अनुसार पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखक पक्राउ परेका छन् ।

उनीहरुको पक्राउसंगै मुलुकको विकसित राजनीतिक घटनाक्रमले मधेशमा पनि सुरक्षा चुनौती बढ्ने आशंका गरिएको मधेश प्रदेश प्रहरीको बुझाइ छ । पक्राउको विरोधमा प्रदर्शन र आन्दोलनलगायतका कार्यक्रम हुने देखिएपछि मधेश प्रदेशमा पनि हाई अलर्ट जारी भएको डिआइजी थपलियाले प्रस्ट्याए ।

मधेश प्रदेशको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी गरी ८ वटा जिल्ला छ । ८ वटै जिल्लामा गरी १० बढी प्रहरी जनशक्ति रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

## सुरक्षा प्रमुखहरुसंग गृहमन्त्रीको ब्रिफिंग

**टुडे समाचारदाता**

काठमाण्डु । गृहमन्त्री सुधन गुरूङले सुरक्षा प्रमुख र गृहका कर्मचारीहरूसंग शनिबार नेकपा एमालेले गरेको प्रदर्शनबारे विश्लेषण एवं सुरक्षा संयन्त्रबारे जानकारी लिएका छन् ।

काठमाण्डुस्थित सिंहदरबारमा शनिबार साँझ गृह मन्त्रालयमा भएको बैठकमा सुरक्षा अधिकारीहरुसंग गृहमन्त्री सुधन गुरुंगले नेपाल प्रहरीका आइजिपी दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्याल पनि सहभागी थिए भने गृह मन्त्रालयका



कर्मचारीहरू समेत दिनभरको सुरक्षा अवस्थासहित गतिविधिबारे विस्तृत जानकारी लिएको जनाइएको छ ।

गृह प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले शान्ति सुरक्षाको विश्लेषण र सुरक्षा निकायबाट सुरक्षा संयन्त्रको अवस्थाबारे ब्रिफिङ भएको जानकारी दिए ।

गृह प्रवक्ता काफ्लेले भने, 'शान्ति सुरक्षाको विषयमा विश्लेषण र सुरक्षा निकायबाट सुरक्षा संयन्त्रको अवस्थाको बारेमा ब्रिफिङ भएको हो ।' उनले आउँदो नयाँ बजेटमा के-कस्ता विषयवस्तु समावेश गर्ने भन्नेबारे पनि छलफल भएको बताए ।

शुक्रबार मन्त्रिपरिषद् बैठक बसेलगत्तै मन्त्री गुरूंगले सुरक्षा निकायहरूसंग छलफल गरेका थिए। उक्त बैठकपछि शनिबार बिहान पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी नियन्त्रणमा लिएको थियो ।



### कांग्रेस समूहभित्र लेखक बारे दुईधार

# देउवा समूह प्रतिकारको पक्षमा, थापा आन्दोलनमा नजाने


**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस नेता एवं पूर्व गृहमन्त्री रमेश लेखक बारे नेपाली कांग्रेसको समूहभित्रको फरक फरक धारणा आएको छ ।

देउवा पक्षधरले प्रतिशोधको भावनाले पक्राउ गरेको भनेको छ भने थापा समूहले सेलेक्टिभ रुपमा पक्राउ गरेको भन्दै भदौ २३ मात्रै होइन भदौ २४ घटनाका आरोपीलाई पनि पक्राउ गर्न भन्दै लेखक बारे खासै चासो लिएको छैन ।

नेपाली कांग्रेसको पूर्व सभापति शेरबहादुर देउवा पक्षले पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रतिशोध साध्ने उद्देश्यले पक्राउ गरेको जनाएको छ । नेता पूर्णबहादुर खड्काले कार्यवाहक सभापतिको हैसियतमा विज्ञप्ति जारी गर्दै संविधानको मर्मविपरीत लेखकलाई पक्राउ गरेको भन्दै तत्काल रिहा गर्न माग गरेका हुन् । संवैधानिक, कानूनी र राजनीतिक रूपमा प्रतिवाद गर्नको लागि पार्टीपंक्तिलाई आह्वान समेत गरेका छन् ।

उता कांग्रेस सभापति गगन थापा समूहको केन्द्रिय पदाधिकारी बैठकले गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमाथि नै प्रश्न उठाएका छन् ।




बैठकपछि पछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रवक्ता देवराज चालिसेले भने, 'कार्की आयोगको प्रतिवेदन अपूर्ण छ। त्यसमा पनि भदौ २३ र २४ गतेको घटनामा सरकारको व्यवहार चयनात्मक भयो। सरकारको यस्तो व्यवहार गलत छ। यसरी कानूनका प्रक्रिया समेत पालना नहुनाले न्याय पाउने प्रक्रियालाई नै गिजोल्ने देखिन्छ।'

भदौ २३ र २४ गतेको घटनालाई निष्पक्ष ढंगले टुङ्ग्याउनु भन्दा पनि सरकारले थप राजनीति गर्न खोजेको देखिएको बताए। उनले दुवै दिनको घटनामा संलग्नलाई उत्तेजनामा नभई कानूनबमोजिम कारबाही हुनुपर्ने बताए ।

उनले छानबिन आयोगको प्रतिवेदन २४ गतेको घटनामा प्रवेश नै नगरेको बताए। उनले कांग्रेसले विधिको शासन स्वीकार्ने तर पूर्वाग्रहपूर्ण व्यवहार नस्वीकार्ने बताए। यद्यपि, तत्काल एमालेजस्तो आन्दोलनमा जाने भन्ने कुनै कार्यक्रम तय नभएको बताए ।

उनले भने, 'हामी फेरी पनि प्रष्ट गर्न चाहान्छौं ९भदौ २३ गतेको घटनामा संलग्न संगै २४ गतेको आगजनी र विध्वंशमा संलग्न को थिए भन्ने पनि जनताले थाहा पाउनुपर्छ । दुवै दिनको घटनामा संलग्न जो सुकै भएपनि कारवाही हुनुपर्छ ।

त्यसमा हाम्रो साथ रहन्छ। तर त्यो कारवाही उत्तेजना र आवेगमा आएर होइन, कानूनी प्रक्रिया बमोजिम हुनुपर्छ। यसमा सरकार स्वयं संयमित र परिपक्व नहुँदा हतारमा गरिएको निर्णयले कानूनको शासन कमजोर हुनसक्छ, देश पुनस् द्वन्द्व र अस्थिरतातर्फ जान सक्छ। अतस् यसतर्फ गम्भीर बन्न सरकारलाई नेपाली कांग्रेस आग्रह गर्दछ।'

# सिमरा कलेजको सभा सम्पन्न

**टुडे समाचारदाता**

बारा । बारा जिल्लास्थित सिमरा कलेजले आफ्नो सातौँ कलेज सभा सम्पन्न गरेको छ । कलेज व्यवस्थापन समितिका अध्यक्ष अच्युतदेव सिटौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा.डा. महानन्द अचार्य प्रमुख अतिथिको रूपमा सहभागी भएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि अचार्यले आफ्नो कार्यकालमा परीक्षा प्रणालीलाई व्यवस्थित बनाउँदै समयमै नतिजा प्रकाशन गर्ने कार्यमा जोड दिएको बताए । उनले 'कमाउँदै पढ्ने' अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दिशामा आफू केन्द्रित रहेको उल्लेख गरे ।

साथै, विश्वविद्यालयको शैक्षिक, अनुसन्धानात्मक तथा प्रशासनिक कार्यभन्दा धेरै समय राजनीतिक हस्तक्षेप र समस्या समाधानमै खर्चिनु परेको गुनासो पनि व्यक्त उनले गरे । जीतपुरसिमरा उपमहानगरपालिकाको तीनै वटा कलेज मर्ज भएर चलेको खण्डमा त्रिभुवन बिश्वबिद्यालयको आंगिक कलेजको मान्यता दिन सक्ने बताए ।



कलेजका प्रमुख शम्भु खरेलले कलेजको हालको शैक्षिक अवस्था, भविष्यका रणनीति, आम्दानीको स्रोत, भौतिक पूर्वाधार विकास तथा सञ्चालन भइरहेका विविध कार्यक्रमहरूको बारेमा विस्तृत जानकारी दिएका थिए । उनले कलेजलाई गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न दीर्घकालीन योजना अघि सारिएको पनि बताए ।

बिद्यार्थीहरुको बिदेशप्रतीको मोह ,बाध्यता तथा अन्य बिबिध कारणले प्रथम बर्षमा भर्ना भएका बिद्यार्थीहरुमध्ये लगभग ५० प्रतिशत बिद्यार्थी अन्तिम बर्ष सम्म निरन्तर रहन नसकेको जानकारी दिएका थिए। कार्यक्रमका अवसरमा 'एकेडेमिक जर्नल अफ सिमरा'को लोकार्पण समेत गरिएको थियो ।

जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले सिमरा कलेजलाई त्रिभुवन विश्वविद्यालयबाट आंगिक कलेजको मान्यता दिलाउन पहल गर्नुपर्नेमा जोड दिएका थिए ।

उनले औद्योगिक क्षेत्रमा अवस्थित कलेजले विद्यार्थीहरूलाई उद्योगसँग प्रत्यक्ष जोडेर प्रयोगात्मक तथा सीपमूलक शिक्षा दिनुपर्ने आवश्यकता रहेकोमा जोड दिए ।

कार्यक्रममा विभिन्न संकायमा उत्कृष्ट गर्ने विद्यार्थीहरुलाई सम्मान समेत गरिएको थियो। उत्कृष्ट गर्नेहरुलाई सम्मान स्वरुप कलेजले प्रशंसा पत्र ,५ हजार ५ सय रुपैया र जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.२ को कार्यालयले ५ हजार ५ सय रुपैया प्रदान गरेको थियो।

सभामा विभिन्न क्षेत्रका बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले कलेजको शैक्षिक गुणस्तर अभिवृद्धि, प्रविधिमैत्री शिक्षा, अनुसन्धान विस्तार तथा रोजगारमुखी कार्यक्रम सञ्चालनमा जोड दिएका थिए ।

# साहद्वारा पार्टी परित्याग

**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टीका वैकल्पिक केन्द्रीय सदस्य राजनकुमार साहले परित्यागको घोषणा गरेका छन् ।



सामाजिक सञ्जाल फेसबुकमार्फत उनले प्रभु साह नेतृत्वको पार्टीको आफू साधारण सदस्यसमेत नरहेको जानकारी गराएका हुन् ।

उनले आगामी दिनमा स्वतन्त्र रूपमा सामाजिक तथा राजनीतिक क्षेत्रमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन् । साहले अहिलेसम्म प्राप्त सहयोग, साथ र समर्थनप्रति सबैप्रति आभार व्यक्त गरेका छन् ।

रौतहटको राजपुर नगरपालिका निवासी साह लामो समयदेखि राजनीतिक गतिविधिमा सक्रिय रहँदै आएका थिए ।

# एमाले नेता मल्ल पक्राउ



**टुडे समाचारदाता**

काठमाण्डू । एमाले नेता कर्णबहादुर मल्ललाई प्रहरीले जबर जस्ती करणी मुद्दामा पक्राउ गरेको छ । टिकटकर युवतीसँग लिभिङ टुगेदरमा बसेर जिम्मा नलिएपछि पक्राउ गरेको हो ।

मुगुको सोरु गाउँपालिका-१० घर भई हाल काठमाडौं, चन्द्रागिरी-७ बस्ने ५२ वर्षीय मल्ललाई जिल्ला प्रहरी परिसर, ललितपुरले पक्राउ गरेको हो । कालिकोटकी टिकटकर युवती ती युवती र मल्ल लिभिङ टु गेदरमा थिए ।

सँगै बस्ने, तर विवाह नगर्ने कारण उनीहरूबीच विवाद हुँदै आएको प्रहरीले जनाएको छ । कार्कीले फागुन ४ गते मल्लविरुद्ध जबरजस्ती करणी मुद्दामा जाहेरी दिएकी थिइन् ।

प्रहरीले पक्राउ नगरेको भन्दै पीडित कार्की माइतीघर मण्डलामा धर्ना बसेकी थिइन् । केही समय लुक्दै, भाग्दै हिँडेका मल्ल शनिबार फेला परेको जिल्ला प्रहरी ललितपुरका प्रमुख एसएसपी होबिन्द्र बोगटीले बताए ।

# उच्चस्तरीय छानबीन समिति गठन र ट्रेड युनियन खारेज गर्ने निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । गत भदौ २४ गते घटेको घटनाको सत्यतथ्य छानबिनका लागि एक हप्ताभित्र उच्चस्तरीय छानबिन समिति गठन गर्ने र दलीय ट्रेड युनियन खारेज गर्ने सहितका दुई महत्वपूर्ण निर्णय सरकारले गरेको छ ।



मन्त्रिपरिषद्को शुक्रबार बैठकले स्वीकृत गरेको ' शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूची' मा यस विषयलाई प्राथमिकताका साथ समावेश गरिएको हो ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भदौ २४ गते व्यापक जनधनको क्षति भएको थियो । गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले सरकारलाई सिफारिस गरेअनुसार बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्ले समिति गठनको निर्णय गरेको हो ।

आयोगले भदौ २३ गतेसँग सम्बन्धित विषयमा मात्रै बढी केन्द्रीत रहेर प्रतिवेदन दिएको थियो भने २४ गतेको हकमा थप छानबिन गर्न सरकारलाई सिफारिस गरेका थियो ।

यस्तै सरकारले सार्वजनिक प्रशासनलाई पूर्ण रूपमा राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन सरकारी निकायहरूमा रहेका दलीय ट्रेड युनियनहरू खारेज गर्ने घोषणा गरेको छ ।

बालेन शाह नेतृत्वको मन्त्रिपरिषदको शुक्रबार बसेको बैठकबाट स्वीकृत 'शासकीय सुधारको १०० बुँदे कार्यसूची'मा यसबारे उल्लेख गरिएको हो ।

कार्यसूचीको बुँदा नम्बर १२ मा सार्वजनिक प्रशासनलाई निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउन दलीय ट्रेड युनियनहरू खारेज गरिने उल्लेख छ । युनियनका नाममा हुने अवाञ्छित हस्तक्षेप र अनौपचारिक दबाबका कारण निर्णय प्रक्रिया र सेवा प्रवाहमा बाधा पुगेको निष्कर्ष निकाल्दै सरकारले यो निर्णय लिएको बताइएको छ ।

अबदेखि निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सम्पूर्ण राष्ट्रसेवकहरू कुनै पनि राजनीतिक दल, समूह वा स्वार्थ केन्द्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आबद्ध हुन पाउने छैनन् । कसैले यसको उल्लंघन गरेमा प्रचलित कानुनबमोजिम कडाइका साथ विभागीय कारबाही गरिने कार्यसूचीमा स्पष्ट पारिएको छ ।


# शैक्षिक संगठन हटाइने, सेवाग्राहीलाई लाईनमा बस्नु नपर्ने

**टुडे समाचारदाता**

काठमाण्डू । ६० दिनभित्र विद्यालय र विश्वविद्यालयबाट दलीय संगठन सरकारले हटाउने भएको छ ।

सरकारले शासकीय सुधार गर्न तय गरेको १०० कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तरको गिरावट रोक्न दलीय संगठन हटाउने भएको हो । दलीय संगठनको सट्टा विद्यार्थी काउन्सिल राख्ने भएको छ ।

'शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाई ९० दिनभित्र विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको विकास गर्ने,' सरकारले शासकीय सुधारका लागि भन्दै सार्वजनिक गरेको कार्यसूचीमा उल्लेख गरिएको छ ।



विश्वविद्यालयहरूबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डर अनुसार निकाल्ने भनिएको छ ।

विद्यार्थीहरूलाई स्नातकसम्मको अध्ययन गर्न नागरिकता नचाहिने गरी विश्वविद्यालयहरूले आवश्यक कार्यविधिगत व्यवस्था तत्कालै गर्न निर्णय सरकारले गरेको छ । कक्षा ५ सम्मका विद्यार्थीहरूलाई आन्तरिक परीक्षा लिने कार्य आगामी शैक्षिक सत्रदेखि बन्द गर्ने भएको छ । 'उनीहरूलाई मनोवैज्ञानिक असर र दवाव नपर्ने खालको मूल्याङ्कन प्रणालीबारे विकल्प तयार गर्ने,' कार्यक्रममा भनिएको छ ।

यस्तै नागरिकले सरकारी सेवा लिन घण्टौं लाइन बस्नुपर्ने झन्झट अन्त्य गर्न सरकारले 'फेसलेस र पेपरलेस' सेवाको घोषणा गरेको छ ।

शासकीय सुधारको १०० बुँदे कार्यसूची सार्वजनिक गर्दै सरकारले अब सबै सरकारी प्रक्रियाहरूलाई 'फेसलेस' (अनुहार देखाउनु नपर्ने), 'टाइम-बाउन्ड' र ट्र्याकिङ योग्य बनाउने निर्णय गरेको हो ।

यस नयाँ व्यवस्थाअनुसार राहदानी, नागरिकता र सवारी चालक अनुमति पत्र जस्ता महत्वपूर्ण सेवाहरू अब डिजिटल माध्यमबाटै सहजै उपलब्ध गराइनेछ ।

साथै, सरकारले आगामी १०० दिनभित्र 'गभर्मेन्ट कुरियर सर्भिस' सुरु गर्ने भएको छ। जसअन्तर्गत हुलाक सेवामार्फत सरकारी कागजातहरू सिधै नागरिकको घरमै पुऱ्याउने व्यवस्था मिलाइनेछ। यस कदमले प्रशासनिक ढिलासुस्ती र बिचौलियाको चलखेल पूर्ण रूपमा अन्त्य हुने सरकारको विश्वास छ।

# एनएलआईसीको वीरगञ्ज शाखा गठन

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल राष्ट्रिय बीमा अभिकर्ता संघअन्तर्गत नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको वीरगञ्ज शाखा गठन गरिएको छ ।

अभिकर्ताहरूको हकहित संरक्षण, पेशागत एकता सुदृढीकरण र बीमित तथा अभिकर्ताका अधिकारका विषयमा सशक्त आवाज पुऱ्याउने उद्देश्यले सो शाखा समिति गठन गरिएको बताइएको छ ।

अभिकर्ताहरूको उल्लेखनीय सहभागितामा वीरगञ्जमा आयोजित कार्यक्रमबीच समिति गठन गरिएको हो । समितिको अध्यक्षमा कमलप्रसाद बराल चयन भएका छन् । उपाध्यक्षमा उमेशप्रसाद साह, सचिवमा कविता खड्का, सहसचिवमा सुरेशप्रसाद कानु र कोषाध्यक्षमा जटाशंकर मुखिया चुनिएका छन् ।

सदस्यहरूमा निलम पन्त, शिवनाथप्रसाद यादव, सुभाषकुमार पटेल, सुनील पण्डित, हरिओमप्रसाद प्रजापति, नन्दुरामप्रसाद यादव, शम्भुप्रसाद साह, प्रतिमा चौरसिया र उमाशंकर ठाकुर हजाम रहेका छन् । प्रमुख सल्लाहकारमा तिजन प्रसाद कलवार, सल्लाहकारमा देवपुजन प्रसाद गौरो थारु र गीता खनाल चुनिएका छन् ।

कार्यक्रममा अभिकर्ताहरूको उत्साहजनक उपस्थितिले संगठनप्रति विश्वास र एकताको सन्देश दिएको अध्यक्ष बारालको दाबी छ। नवगठित समितिले अभिकर्ताहरूको अधिकार सुनिश्चित गर्दै पेशागत मर्यादा कायम गर्न सक्रिय भूमिका खेल्ने अपेक्षा गरिएको उनले बताएका छन् ।

कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरूले अभिकर्ताहरूको आवाजलाई सम्बन्धित निकायसम्म प्रभावकारी रूपमा पुऱ्याउने, पेशागत सुरक्षा सुनिश्चित गर्न पहल गर्ने र सबै अभिकर्ताहरूलाई समेटेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले संगठनलाई अझ सशक्त र प्रभावकारी बनाउँदै बीमा क्षेत्रमा देखिएका चुनौतीहरू समाधान गर्ने लक्ष्य राखेको पनि बताए ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज तपाईंका लागि उर्जाशील दिन रहनेछ । |
| वृष : | आज धैर्य र समझदारी अपनाउनु पर्ने दिन हो । |
| मिथुन : | आज तपाईंको बोल्ने शैलीले अरूलाई आकर्षित गर्नेछ । |
| कर्कट : | आज भावनात्मक रूपमा अलि संवेदनशील महसुस हुन सक्छ । |
| सिंह : | आज नेतृत्व देखाउने मौका पाइनेछ। कार्यक्षेत्रमा सम्मान बढ्नेछ । |
| कन्या : | आज मेहनतको राम्रो परिणाम देख्न पाइनेछ । |
| तुला : | आज सन्तुलन कायम राख्नुपर्ने दिन हो । |
| वृश्चिक : | आज आत्मविश्वास बढ्नेछ । कठिन काम पनि सजिलै पूरा गर्न सक्नुहुनेछ । |
| धनु : | आज नयाँ अनुभव र सिकाइको दिन हो । यात्रा वा नयाँ कामको अवसर आउन सक्छ । |
| मकर : | आज काममा जिम्मेवारी बढ्न सक्छ । |
| कुम्भ: | आज नयाँ सोच र योजना सफल हुने संकेत छन् । |
| मीन: | आज शान्त र सकारात्मक दिन रहनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# असावधानीका कारण आगजनीका घटनामा बढोत्तरी




काठमाण्डु । देशभर एकैदिन १६ स्थानमा आगजनीका घटना भएका छन् । यस्तै, तीन स्थानमा डढेलो लागेको छ । सुक्खा मौसमका कारण देशभर आगजनीका घटनामा वृद्धि भएकाले सचेतना अपनाउन राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आग्रूह गरेको छ ।

प्राधिकरणका अनुसार, चैत १२ गते बिहानदेखि चैत १३ गते बिहानसम्म देशभर २५ विपदका घटना भएका थिए । विपदका कारण रु ७४ लाख सात हजार बराबरको धनमालको क्षति भएको छ ।

घटना विवरण अनुसार, उखुको पात सल्काउँदा, खाना पकाउने क्रममा चुल्होबाट हावाले आगो उडाउँदा आगलागी भएका छन् ।

ग्यास चुहिएर, वा सलाई खेलाउँदा पनि आगलागी भएको छ । सामान्य सावधानी अपनाउँदा समेत रोकथाम गर्न सकिने भएपनि लापरवाहीका कारण आगलागीका घटनामा बृद्धि भएको विवरणहरुमा देखिन्छ । प्राधिकरणका अनुसार, ललितपुर, रुपन्देही र सल्यानका विभिन्न जंगलमा डढेलो लागेको थियो ।

यस्तै, बर्दिया, रुकुम पूर्व, दाङ, रुपन्देही, बाग्लुङ, कास्की, ललितपुर, काभ्रेपलान्चोकका एक एक स्थानमा आगलागीका घटना भएका छन् ।

रौतहट, मोरङका दुई दुई स्थानमा आगलागीका घटना हुँदा सुनसरी, उदयपुर, सिरहाका एक एक स्थानमा पनि सामान्य सावधानी नअपनाउँदा ठूलो क्षति भएको छ ।

यस्तै, कञ्चनपुरमा सर्पको टोकाइबाट दुई जना घाइते भएका छन् । पदयात्रामा गएका दुई पदयात्रीलाई मुस्ताङमा लेक लागेको छ । पाँचथर, भक्तपुर, नवलपरासी पूर्व र गुल्मीमा भने जनावर आक्रमणका घटना भएका छन् । प्राधिकरणले विपदमा जोगिन पूर्व सावधानी अनपाउन आग्रह गरेको छ । रासस

# बाढीले बगाएर एक कर्मचारीको मृत्यु, विपी राजमार्ग खुलाउने प्रयास



काभ्रेपलाञ्चोक । शुक्रबार साँझको बर्सातपछि रोशी खोलामा आएको बाढीले बगाएर डिभिजन सडक कार्यालय भक्तपुरअन्तर्गत कार्यरत एक कर्मचारीको मृत्यु भएको छ ।

बाढीले बगाएर रोशी गाउँपालिका-७ का अन्दाजी ४० वर्षका कुन्साङ तामाङको मृत्यु भएको इलाका प्रहरी कार्यालय मङ्गलटारले जनाएको छ । उक्त कार्यालयका सुपरभाइजर तामाङ रातको समयमा स्थायी रूपमा निर्माणाधीन विपी राजमार्गमा काम गर्ने व्यक्ति भएको प्रारम्भिक अनुसन्धानबाट पाइएको इप्रका मङ्गलटारका प्रमुख प्रहरी निरीक्षक ईश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार राति मोटरसाइकलमा सवार दुई जना खोला तर्न लाग्दा बग्न लागेपछि मोटरसाइकल छाडेर नजिकको स्काभेटरमा चढेको र उनीहरूलाई जोगाउन जाँदा तामाङलाई बाढीले बगाएको थियो । बाढीले एक मोटरसाइकल र एक इलेक्ट्रिक गाडी बगाएको प्रहरीले जनाएको छ ।

यसैबीच शुक्रबार साँझको बर्सातका कारण विपी राजमार्गमा यातायात अवरुद्ध भएको छ । शुक्रबार साँझ ६:०० बजेदेखि राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डअन्तर्गतरोशीगाउँपालिकास्थित विभिन्न स्थानमा लेदोसहितको बाढीपहिरोका कारण यातायात अवरुद्ध भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार बिरुवाडाँडा, कालढुङ्गा, चौकीडाँडा र मङ्गलटारमा कतै लेदोसहितको पहिरो तथा बाढी (खहरेखोलामा पानीको बहाव उच्च रहको)ले राजमार्गको विभिन्न स्थानमा यातायात अवरुद्ध भएको हो । कार्यालय प्रमुख प्रहरी निरीक्षक सुनिल धाँजुले बाढीको सतह घट्न थालेकाले आज बिहानदेखि सडक विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी र स्थानीयको सहयोगमा पहिरो पन्छ्याउने प्रयास भइरहेको बताउनुभयो ।

धाँजूका अनुसार शुक्रबार हावाहुरी र निरन्तर वर्षा भइरहेकाले पहिरो पन्छ्याउन निकै कठिनाइ भएको थियो । गत वर्षको बाढीपहिरोका कारण उक्त क्षेत्रको सडक क्षतिग्रस्त भएपछि खोलाबाटै अस्थायी सडक बनाएर सञ्चालनमा ल्याइएको थियो ।

यसैबीच वर्षाका कारण विपी राजमार्गको रोशी क्षेत्रको विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि ट्राफिक प्रहरीले शुक्रबार साँझदेखि सवारीसाधन 'होल्ड' गरेको छ ।

उक्त राजमार्गअन्तर्गत प्रवेशमार्गस्थल धुलिखेलको काभ्रेभञ्ज्याङ र भकुण्डे तथा पूर्वतर्फबाट राजधानी प्रवेश गर्ने नेपालथोक र मङ्गलटारमा सवारीसाधन होल्ड गराइएको धाँजुले जानकारी दिनुभयो । रासस

# दाउन्नेमा सवारी दुर्घटना हुँदा तीन जनाको मृत्यु, १५ जना घाइते




त्रिवेणी । नवलपरासी (पश्चिम)को बर्दघाट नगरपालिका-४ दाउन्नेस्थित पूर्व-पश्चिम राजमार्गमा गए राति भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् ।

राति करिब १२:४० बजे पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना७ख ९३९८ नम्बरको ट्रकले सोही दिशाबाट जाँदै गरेको लु२ख २३५१ नम्बरको बस र ना५च २२७५ नम्बरको पिकअपलाई ठक्कर दिएको प्रहरीले जनाएको छ । दुर्घटनापछि बस र ट्रक सडकबाट तल खसेका थिए भने पिकअप सडक किनारमा पुगेको थियो ।

दुर्घटनामा परी रोल्पा बागमारा बस्ने अन्दाजी २५ वर्षीय गोविन बुढा, अन्दाजी २५-२६ वर्षका एक पुरुष र बसमा च्याप्पिएका अर्का एक पुरुषको मृत्यु भएको सहायक प्रहरी वरिष्ठ उपरीक्षक तीर्थराज पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार मृतक दुई जनाको नाम थर खुल्न बाँकी छ ।

दुर्घटनामा घाइते भएका १५ जनामध्ये १३ जनालाई थप उपचारका लागि बुटवलस्थित लुम्बिनी सिटी अस्पताल पठाइएको छ भने दुई जनाको चिसापानी अस्पतालमा उपचार भइरहेको छ । रासस

# बागलुङमा संरक्षित छ भक्तपुरको हनुमान नाच



गलकोट । भूपतीन्द्र मल्लले भक्तपुरमा सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायमा अझै जीवितै छ । हनुमानको भेषमा सजिएका नेवारी युवाहरु हातमा लाठी समातेर विभिन्न १० सुर तथा तालमा नाचिरहेको दृश्यले धेरैलाई लोभ्याउँछ । यो दृश्यले भदौ यता निरन्तरता पाएको छ ।

हनुमानको अवतारमा एक हुल नेवारी समुदायका युवाहरु एक आपसमा लाठी ठोकेर पुच्छर घुमाउदै नाँच्दा बागलुङ बजार गुन्जयमान हुन्छ । तीन सय वर्षभन्दा बढी पुरानो हनुमान नाच नेवारी समुदायको जीवन्त इतिहासको रूपमा बागलुङमा देख्न पाइन्छ ।

विसं २०७३ भदौमा देखाइएको हनुमान नाच नौ वर्षपछि पुन देखाउन थालिएको हो । चैते दसैँको अवसरमा कालिका मन्दिर परिसरमा देखाइएको हनुमान नाच धैरैको आकर्षणमा परेको थियो । विसं २०८२ भदौबाट सुरु गरिएको हनुमान नाच अहिलेसम्म नौ पटक मञ्चन भइसकेको हनुमान नाच संरक्षण समिति बागलुङका प्रधानकजी इश्वर मलेपतीले बताउनुभयो ।

"माता सितालाई हरण गरिएको अवस्थाबाट उम्काएर ल्याउनका लागि गरिएको विधि, नाच, श्लोक प्रकृयालाई हनुमान नाचमा देखाइन्छ, भक्तपुरमा लोप हुन थालेको नाच बागलुङमा हामीले जीवितै राखेका छौँ", मलेपतीले भन्नुभयो, "व्यापारको शिलशिलामा भक्तपुरबाट आएका नेवार समुदायले यो संस्कृति आफूसंगै ल्याएका थिए ।"

हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरी चोक, आवारोड, गलकोट हुँदै कालिका मन्दिर सम्म देखाइएको छ । यस हनुमान नाचको विषयमा शोधपत्र तयार पार्ने बागलङे चेली जमुना राजभण्डारीले सितालाई राणलाई हरण गरेपछि सितालाई हनुमानले फर्काउने शिलशिलालाई हनुमान नाचको ताल र सुरमा देखाइने बताउनुहुन्छ ।

तीन वर्ष, पाँच वर्ष, सात वर्षमा नाचिने हनुमान नाच यसपटक कोरोना महामारीलगायतका कारणले केही समय रोकिएको थियो । भक्तपुरका नेवार समुदाय विसं १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएका थिए ।

यो नाचमा कम्तीमा १३ र बढीमा १५ जोडी युवाहरु हनुमानको भेषमा सजिन्छन् । पुस्तान्तरण नहुँदा हनुमान नाच संरक्षणमा चुनौती बढेको भन्दै यसवर्ष नेवार समुदायका युवा पुस्तालाई हनुमानको रूपमा अगाडी सारिएको हनुमान नाच संरक्षण परिषद् बागलुङका अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले बताउनुभयो ।

बागलुङ नगरपालिका ३ नारायणचोकको भिमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत रूपमा हनुमान नाच शुभारम्भ हुने र टोल पुजा सकिएपछि विधिवत रूपमा हनुमान नाच अन्त्य गरिने परम्परा छ । उक्त नाच निकै खर्चिलो र नाच्नका लागि लामो समय लाग्ने भएकाले वर्षौंपिच्छे देखाउन कठिन भएको नेवारी अगुवा बताउछन् ।

हिन्दु धर्ममा अष्टचिरञ्जीवीका रूपमा हनुमानलाई पूजा गर्ने र उनैको नाच प्रदर्शन गर्दा जीवनभर शक्ति प्राप्त हुने विश्वास छ । बाजाको तालमा एक अर्कालै लठ्ठी ठोकेर पुच्छर हल्लाउदै हनुमानको भेषमा हिड्नु पर्दछ । हनुमान नाचमा विभिन्न प्रकारका ताल छोपेर नाच्नुपर्छ । रासस

# हिमाल र पहाडमा मध्यम वर्षासहित हिमपातको सम्भावना



काठमाण्डु । हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणालीका साथै स्थानीय वायूको प्रभाव रहेको छ । देशभर अधिकांश बादल लागेको छ । हाल गण्डकी र बागमती प्रदेशका केही स्थानहरूमा तथा देशका पहाडी र हिमाली भू-भागका थोरै स्थानहरूमा वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

आज दिउँसो कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साधारणतया बादल लाग्नेछ र बाँकी भू-भागमा आंशिक बादल लाग्नेछ । कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका केही स्थानहरूमा तथा बाँकी हिमाली र पहाडी भू-भागको थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्गसहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

आज राति कोशी, बागमती, गण्डकी प्रदेशको पहाडी र हिमाली भू-भाग साथै लुम्बिनी, कर्णाली, र सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागमा साधारणतया बादल लाग्नेछ र बाँकी भू-भागमा आंशिक बादल लाग्नेछ ।

महाशाखाका अनुसार कोशी र गण्डकी प्रदेशका पहाडी र हिमाली भू-भाग तथा बागमती प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको छ । रासस

# तरकारीखेती तथा बङ्गुरपालनमा रमाइरहेकी मनिषा



अत्तरिया । कैलाली उपमहानगरपालिका-२ बैयाबेहडीकी मनिषा चौधरीले कृषि कर्मबाट सुरु गरेको दुई वर्ष भयो । व्यावसायिक रुपमा तरकारीखेती तथा बङ्गुरपालन गर्दै आउनुभएकी चौधरी यसैमा रमाइरहनुभएको छ ।

एक बिघा जग्गा भाडामा लिएर व्यावसायिक तरकारीखेती र बङ्गुरपालन सुरु गर्नुभएका उहाँले अहिले तरकारी बिक्रीबाट मात्रै वार्षिक रु चार लाखसम्म आम्दानी गरिरहनुभएको छ ।

सिजनअनुसारका तरकारी लगाउने गरेको तथा बाह्रै महिना तरकारी उत्पादन गर्ने गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तरकारीबाट दैनिक आम्दानी पनि हुन्छ । हाल दैनिक रु एक हजार ५०० देखि दुई हजारसम्मको तरकारी बिक्री हुन्छ ।"

उहाँले तरकारी बजारमा सहजै बिक्री हुने तथा बारीबाटै पनि बिक्री हुने बताउनुभयो । चौधरीले पछिल्लो समय बङ्गुरपालनबाट पनि राम्रै आम्दानी हुन थालेको बताउनुभयो ।

उहाँले ठूला बङ्गुर तथा पाठापाठी बिक्रीबाट वार्षिक रु तीन लाखसम्म आम्दानी गरिरहनुभएको छ । उहाँले भन्नुभयो, "दुई वर्षअघि एउटा बङ्गुरबाट व्यवसाय सुरु गरेकी थिए । अहिले बङ्गुर बढ्दै गएका छन् । अहिले खोरमा माउ र भाले गरी १९ वटा ठूला बङ्गुर तथा ३० वटा पाठापाठी छन् ।"

उहाँका अनुसार प्रतिपाठापाठी रु पाँच हजारदेखि छ हजारका दरले बिक्री हुन्छन् । ठूला बङ्गुर प्रतिकिलो रु ३२० का दरले बिक्री हुन्छन् । उहाँले डिउरो, लेन्ड्रेसलगायत उन्नत जातका बङ्गुरपालन गर्दै आएको बताउनुभयो । उहाँको सात जनाको परिवार छ । यसैबाट भएको आम्दानीले सबै घरखर्च चलेको उहाँले सुनाउनुभयो । रासस

# जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन गर्नुपर्ने बाध्यता हट्यो

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ बिरौटामा रहेको मुक्तिपथ आधारभूत विद्यालयमा जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन गराउनुपर्ने बाध्यता हटेको छ ।

चारकोठे नयाँ भवन निर्माण भएपछि तीन दशक पुरानो पानी चुहिने, पर्खाल चिरा परेको र भत्कने अवस्थामा रहेको जोखिमयुक्त भवनमा बसेर पठनपाठन गर्नुपर्ने विद्यार्थी शिक्षकको समस्या हटेको हो ।

कक्षा कोठा भवन बनेपछि सुरक्षित वातावरणमा सहज रूपमा पठनपाठन हुन थालेको विद्यालयका प्रधानाध्यपक मैयाकुमारी बरुवालले बताउनुभयो । "यसअघि कक्षाकोठा भवन जीर्ण हुँदा डरत्रास थियो", उहाँले भन्नुभयो, "सुरक्षित भवन बनेपछि सुरक्षित भएर ढुक्कसँग पठनपाठन गर्ने वातावरण सिर्जना भएको छ ।"



कक्षा ३ सम्मको पठनपाठन हुने उक्त विद्यालयमा हाल २२ जना विद्यार्थी रहेका छन् । अन्नपूर्ण गाउँपालिका र जर्मनको हिमालय 'फ्रेण्ड्स इभी'को आर्थिक सहयोगमा स्थानीय उपभोक्ताले श्रमदान गरेर चारकोठे कक्षाकोठा भवन बनाएका हुन् । कक्षाकोठाको साथै शौचालय पनि निर्माण भएको छ ।

अन्नपूर्ण गाउँपालिकाले गत आर्थिक वर्षमा रु २० लाख र चालु आर्थिक वर्षमा रु पाँच लाख ५० हजार बजेट विनियोजन गरेको उक्त भवन निर्माणका लागि जर्मन संस्थाले रु एक लाख ४९ हजार सहयोग गरेको वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । रासस

# पहिचान, इतिहास र संस्कृतिको खोजमा राजवंशी ठाकुर समुदाय




कञ्चनपुर । थारु जातिभित्रको राजवंशी ठाकुर समुदायले आफ्नो भाषा, संस्कृति र इतिहासको संरक्षण तथा अनुसन्धानलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम अघि बढाउने भएको छ ।

कृष्णपुर नगरपालिका-६ सिंगपुरमा आज बिहान सम्पन्न समाजको तेस्रो जिल्ला सम्मेलनले समुदायको पहिचान सुदृढ गर्दै वंशावली अभिलेखीकरण, बसाइँसराइको इतिहास खोजी तथा सांस्कृतिक दस्तावेजीकरणमा जोड दिइएको हो ।


कार्यक्रममा राजवंशी ठाकुर समुदायको उत्पत्ति, परम्परा, संस्कार, पोसाक, पूजा-पद्धति तथा जीवनशैलीबारे अध्ययन र अनुसन्धान गर्ने विषयलाई विशेष महत्व साथ अगाडि बढाइने समाजका सचिव वीरबहादुर राजवंशीले बताउनुभयो ।

"भावी पुस्तामा भाषा, लोककथा, लोकगीत तथा सांस्कृतिक मूल्य मान्यतालाई हस्तान्तरण गर्ने योजनासमेत अघि सारेका छौं", उहाँले भन्नुभयो, "समुदायको उद्गमस्थल, घरानागत विवरण तथा बसाइँसराइका कारणहरू पहिचान गरी व्यवस्थित अभिलेखीकरण गर्ने र ती सामग्रीलाई औपचारिक रूपमा दस्तावेज तथा प्रकाशन गरी सार्वजनिक गर्ने तयारी गरेका छौं ।"

त्यस्तै, सङ्गठनलाई सुदृढ बनाउँदै केन्द्रदेखि टोलस्तरसम्म संरचना विस्तार गर्ने, सदस्यता तथा आर्थिक स्रोत व्यवस्थापनलाई व्यवस्थित गर्नेलगायतका विषयमा पनि अधिवेशनमा छलफल गरिएको छ । कार्यक्रममा सहभागीहरूले राजवंशी ठाकुर समुदायको मौलिक पहिचान जोगाउन अनुसन्धान, अभिलेखीकरण र सांस्कृतिक संरक्षण अपरिहार्य रहेकोमा जोड दिनुभएको छ ।

'भाषा, संस्कृति र इतिहासको प्रवर्द्धन, राजवंशी ठाकुर समाजको तेस्रो जिल्ला सम्मेलन' भन्ने मूल नारासहित आयोजित अधिवेशनमा समुदायको पहिचान सुदृढ गर्दै वंशावली अभिलेखीकरण, बसाइँसराइको इतिहास खोजी तथा सांस्कृतिक दस्तावेजीकरण गर्ने निर्णय गरिएको समाजका अध्यक्ष जोगराम चौधरीले बताउनुभयो ।

उहाँका अनुसार, अधिवेशनले सङ्गठनलाई केन्द्रदेखि टोलस्तरसम्म विस्तार गर्ने, सदस्यता तथा नवीकरणमार्फत कोष सुदृढ गर्ने निर्णय गरेको छ । अधिवेशनमा समाजका बुद्धिजीवी, अनुसन्धानकर्ता, जनप्रतिनिधि तथा समाजका अगुवाहरूको सहभागिता रहेको थियो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बधाई बालेन

नेपालमा पहिलो पटक मधेशी 'छौँरा' बालेन्द्र साह(बालेन) प्रधानमन्त्री बनेर इतिहास रचेका छन् । अब देशको कार्यकारी प्रमुख मधेशी बालेन्द्र साह बनेका छन् । उनलाई प्रतिनिधि सभामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का १ सय ८२ जनाको समर्थन छ । विश्वासको मत लिने बखत त्यो संख्या अझै बढ्न सक्छ । यस अघि देश गणतन्त्र घोषणा भएपछि प्रथम राष्ट्रपति र उपराष्ट्रपति नै मधेशी बनेका थिए । डा.रामवरण यादव राष्ट्रपति र परमानन्द झा उपराष्ट्रपति बनेका थिए । तर देशको प्रधानमन्त्री मधेशीलाई बन्न रोक नै लगाइएको थियो । हुन त २०४९ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद विघटन गरी मध्यावधि चुनाव घोषणा गर्दा तत्कालीन नेपाली कांग्रेसको संस्थापन पक्ष (कृष्णप्रसाद भट्ट्राई) र कम्युनिष्ट घटकहरु मिलेर महेन्द्र नारायण निधिलाई प्रधानमन्त्री बनाउन बहुमतले प्रस्ताव गरेको थियो । तर त्यसलाई अस्वीकार गरिएको थियो । हालका मधेशवादी नेता रहेका महन्थ ठाकुर नेपाली कांग्रेसमा रहेरै निधिको विरोधमा लागेका थिए । बालेन साहलाई देशको प्रधानमन्त्री बन्नकै लागि रास्वपाले अपार सफलता पाएको छ । चुनावमा बालेनको लहर चलेको थियो । देशको राष्ट्रपति र प्रधानमन्त्री दुवै मधेशी बनिसकेको छ । बालेन प्रधानमन्त्री बनेसंगै अर्का मधेशीका लागि पनि मार्ग प्रशस्त भएको छ । देशको प्रधानन्यायाधिश मधेशीहरु भइसकेका छन् । प्रतिनिधि सभामा हालसम्म उपसभामुख मात्र मधेशी भएका छन् । सभामुख पनि मधेशी हुने बाटो खुलेको छ । देशका ठूला दलहरु नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) लगायतले मधेशीलाई सभापति बनाएको छैन । मधेशीलाई दलको सभापति, अध्यक्ष हुन अझै पनि रोकिएको छ । नेपाली कांग्रेसले उपसभापतिसम्म मधेशीलाई जान दिए पनि सभापतिमा रोक लगाएको छ । एमाले र नेकपामा मधेशी केन्द्रिय तहमा धेरै नै तल रहेको छ । बालेनको नाममा मधेश प्रदेशका मतदाताहरुले प्रत्यक्ष तर्फको ३२ मध्ये ३१ सिट जिताएको छ । एउटा सिट नेपाली कंग्रेस र एउटा सिट अदालतबाट नेकपाले जितेको छ । तैपनि ३० सिट र समानुपातिक तर्फ पनि सर्वाधिक मत मधेश प्रदेशले दिएको छ । मधेश र मधेशीको अधिकारका लागि लड्ने दलहरुले राष्ट्रिय मान्यता समेत पाउन सकेको छैन । प्रत्यक्षतर्फ एकसिट पनि जित्न सकेको छैन । नेपालको प्रधानमन्त्रीको रुपमा बालेनको नाम रास्वपाले जनकपुरधामबाट घोषणा गरेको थियो । त्यसले नै रास्वपाको पक्षमा देशैभर सुनामी ल्याएको थियो । रास्वपाले प्राप्त गरेको सिट बालेनप्रति जनताको आशा र भरोसाको कारण नै हो । बालेन देशको प्रथम मधेशी प्रधानमन्त्री हुने गौरव प्राप्त गरेका छन् । सिंगो मधेशमा खुशियाली छाएको छ । बालेनले नबोलेरै देश विकास गर्नेमा आम नेपालीको विश्वास छ । प्रथम मधेशी प्रधानमन्त्री बालेनलाई हार्दिक बधाईको साथै प्रधानमन्त्रीको कार्यकारी प्रमुखको कार्यकाल अनुकरणीय सफलता पाओस् । हार्दिक शुभकामना !

# मध्यपूर्वको युद्धको प्रतिकुल असर



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

पश्चिम एशियाको युद्धको नेपालमा प्रत्यक्ष प्रतिकुल असर देखिन थालिएको छ । नेपाल एक विकासोन्मुख राष्ट्र हो । मुलुक आत्मनिर्भर हुन नसकेको अवस्थामा इजराइल र ईरानबीचको युद्धले गर्दा नेपालको अर्थतन्त्र जौंखिम निम्त्ने खतरा छ । सवैभन्दा चिन्ताको विषय नेपालका खाँडीका मुलुकमा लाखौं नेपालीहरु रोजगारीमा छन् । ईरानले खाँडीको मुलुकमा समेत आक्रमण थालेकाले नेपालीलाई थप चिन्तित तुल्याइएको छ । ट्रम्पले एकतर्फ ईरानसँग वार्ताको वातावरण बन्न लागेको बताएपनि अर्कोतर्फ, स्थलमार्गबाट आक्रमणको लागि सैना उतार्नेतर्फ अग्रसर छन् । ईरानले अमेरिकासँग आफूले राखेको शर्तलाई पालना गर्नुपर्ने नत्र, वार्ता नहुने अडान लिएका छन् । युद्धविराम नभए, खासगरी, दक्षिण एशियाका राष्ट्रहरु पेट्रोलियम पदार्थका साथै खाद्यान, उपभोग्यवस्तु औंषधिलगायत प्रायः सवै क्षेत्रमा मूल्य बृद्धि हुने आकलन गर्न थालिएको छ । पर्यटन व्यवसाय चपेटामा पर्नेछ ।

### युद्धको मुख्य कारण

इजराइललाई आफ्नो सार्वभौंम राष्ट्रको अस्तित्वको रक्षामा सवैभन्दा बढी बाधक ईरानलाई ठान्छ । अमेरिकाले कुनैपनि शर्तमा ईरानलाई परमाणुअस्त्र राष्ट्र बन्न नदिने अडान लिएको छ । ईरान मुश्लिम धर्मको शिया अनुयायी राष्ट्र भएकाले सउदी अरब, टर्की, कतारलगायतका राष्ट्रले ईरान यदि सशक्त भयो र परमाणुअस्त्रसहित राष्ट्र बन्यो भने खाँडी राष्ट्रमा ईरानको दवदबा कायम हुनेछ । ईरानबाहेक खाँडी राष्ट्रहरु सुन्नी समुदाय बाहुल्य भएको देश हो । दुवै समुदायबीच सम्बन्ध प्रायः तनावपूर्ण नै रहन्छ । अर्को, ईरानको मनसाय इस्लामिक राष्ट्रमा सवैभन्दा शक्तिशाली राष्ट्र बन्नका लागि जसरीपनि परमाणु अस्त्र निर्माण गर्ने र इजराइललाई समाप्त पारेर विश्वकै मुश्लिम समुदायलाई खुशी पार्ने रणनीति अपनाएको छ ।


### वर्तमान अवस्था

ईरानमाथि इजराइलले आक्रमण गरे लगत्तै अमेरिकापनि ईरानमाथि आक्रमण शुरु गर्‍यो । यसको जवाफमा ईरानले खाँडी मुलुकमा अमेरिकाको सैन्य शिविरमाथि आक्रमणका साथै इजराइलमाथि ठूलो परिमाणमा ब्यालेष्टिक मिसाइलले आक्रमण गर्‍यो । चार सातादेखि जारी युद्धमा कुनै पक्ष कमजोर देखिएको छैन् । युद्ध लम्बिने सम्भावना देखेपछि यतिखेर, अमेरिका शान्तिको प्रयासमा जुटेका छन् । तर, धम्किको भाषा छोडेको छैन् । ईरानले चार दिनभित्र होर्मुज समुद्रीमार्ग निर्वाध रुपमा खोलेन भने उर्जाकेन्द्रमा आक्रमण गने भनेर ट्रम्पले धम्कि दिएको थियो । ईरानले उल्टै, आक्रमक जवाफ फर्काएपछि ट्रम्प पाँच दिनको समय थपेको छ ।

यतिखेर, खाँडीका सातवटा देशसमेत युद्धको चपेटामा परेको छ । इरानका सर्वोच्च नेता आयातुल्ला खुमैनीसहित चालीसजना उच्च पदाधिकारी मारिएपछि इरान झन आक्रोसित हुँदै खाँडीस्थित देशमा रहेका अमेरिकन सैन्य शिविरमाथि आक्रमण निरन्तर रुपमा जारी राखेका छन् । अहिले मध्यपूर्वको पश्चिमी एशियामा युद्धको त्रासदी छ । अर्कोतर्फ, पाकिस्तान र अफ्गानिस्तानबीच पनि अघोषित युद्ध पनि जारी नै छ । इरानले इजरायलका साथै खाँडी मुलुकका साउदी अरब, बहरिन, संयुक्त अरब इमिरात (युएई) ओमान, कतार, साइप्रस र जोर्डनलाई निशाना बनाएको छ । सउदीअरब, बहरिन, ओमान र संयुक्त अरब इमिरातको तेल प्रशोधन केन्द्र र प्रमुख व्यापारिक केन्द्रमाथि निरन्तर रुपमा आक्रमण जारी राखेका छन् । इरानले ति मुलुकहरु अमेरिकाको सहयोगी भएकाले अमेरिकाको सैन्य शिविरलाई मात्रैं लक्षित नरही अर्थतन्त्रलाई धराशायी पार्ने उद्देश्य देखिन्छ । ईरानले ति राष्ट्रको महत्वपूर्ण तेल भण्डारणमाथि आक्रमण गरी अमेरिकामाथि दवाव बनाउन खोजेको देखिन्छ । अर्कोतर्फ, इजरायलले इरानका साथै सीरियाको हिज्जबुल्लाह र यमनको हूति विद्रोहको शिविरमाथि मिसाइलले आक्रमण जारी राखेका छन् ॥

### मृतकको सङ्ख्या

युद्धको पहिलो दिनदेखि अहिलेसम्म दसहजारभन्दा बढीको मृत्यु अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएको छ । ईरानको करिव सात हजार, लेबनानमा दुईहजार र यमन विद्रोही र इजरायलका करिव दुई दर्जन मानिसको मृत्यु भएको अनुमान गरिएको छ । संयुक्त अरब इमिरात (युएइ)को आबुधाबीमा एक नेपाली नागरिक गोरखाका २९ बर्षीय दिवस श्रेष्ठको दुःखद मृत्यु भएको हो । एक नेपाली नागरिक अमृत झालाई ईरानले बन्दी बनाएका छन् । उनी कुबेतको जहाजमा क्याप्टेन हुन् । होर्मुजमा रहेको सो जहाजबाट उनलाई बन्दी बनाइएको हो । यतिखेर, खाँडी मुलुकमा कार्यरत नेपालीहरु त्रसित छन् ।



### इरानमाथि आक्रमणको मुख्य कारण

सन् १९४८मा इजरायलको स्थापना देखि निरन्तर रुपमा युद्धमा होमिएको छ । प्यालेष्टिनको भनिएको भूमिमा इजरायलको स्थापनालाई चारैतिर मुश्लिम राष्ट्रलाई असह्य भयो । इजरायलले एक्लै ६ वटा देशविरुद्ध युद्धमा जित हात पारेको थियो । अनेकोपटक युद्ध भयो । पछिल्लोपटक, नौं महिनाअघि इरान र इजराइलविरुद्ध युद्ध भएको थियो । ईरानले लेवनान र यमनका हूती विद्रोहीका साथै प्यालेष्टिनका हमास लडाकुहरुलाई सैन्य तालिमका साथै अतिआधुनिक हतियारका आर्थिक सहयोग गर्छन् । यो खेल सन् १९८० देखि चल्दै आएको छ । ति लडाकुहरुलाई इजराइलमाथि आक्रमण गर्न उचाल्ने गर्छन् । त्यसकारण, ईरानले प्यालेष्टिनको हमासको शक्तिलाई नष्ट गर्‍यो । तर, ईरानले ति लडाकुहरुलाई सहयोग गरेर पुनः आफ्नो देशविरुद्ध लड्ने ईरानले तयार पार्नेछ भनेर इजराइलले अव ईरानलाई नै तहसनहसगर्ने भनेर एक बर्षभित्रै दोश्रोपटक युद्ध थालेको हो । दुवै मुलुक एक अर्काभन्दा दुई हजार किलोमिटर टाढा छन् । त्यसकारण, आकाशमार्ग नै युद्धको एममात्र माध्यम हो ।

### इजरायलको रणनीति

इजराइलको गुप्तचर ईरानमा चारैतिर फैलिएको छ । फागुन १६ गते आयातुल्ला खुमैनी कति बजे आफ्नो कार्यालयमा आउने, कतिबेर बस्नेलगायत सवै जानकारी मिनेट मिनेटमा इजरायलले पाउने गर्थे । खुमैनी आफ्नो कार्यकक्षमा पुगेको १० मिनेटभित्र पचासभन्दा बढी लडाकु विमानले आक्रमण गरी खुमैनीसहित उच्च सैन्यपदाधिकारी र मन्त्रीसमेतको हत्या गरेको थियो ।

### इजराइल र अमेरिका कहाँ चुक्यो ?

दुई महिनाअघि ईरानमा जनता व्यापक रुपमा सडक सङ्घर्षमा उत्रेका थिए । उनीहरु इस्लामिक शासनको अन्त्यका लागि आन्दोलित भएका थिए । सरकारले दमन गर्दा करिव दस हजार आन्दोलनकारी मारिएका थिए । अमेरिका र इजरायलले खुमैनीको हत्यापछि जनता अमेरिकाको पक्षमा सडकमा उत्रनेछ भन्ने आकलन गरेको थियो । तर, उल्टो भयो, ईरानमाथि आक्रमण हुँदा राष्ट्रियताको भावना जाग्यो, अमेरिकाको विरोधमा लाखौं मानिसहरु सडकमा उत्रे । खुमैनीको अन्त्येष्टि सहभागी नहुन अमेरिका र इजराइलले आह्वान गरेपनि लाखौं जनता सहभागी भएपछि अमेरिकालाई धक्का लाग्यो । ट्रम्पले हतारमा निर्णय लिएको र इजराइलले अमेरिकालाई युद्धमा फसाएको भनेर राजनीतिक विश्लेषकको तर्क छ । ट्रम्पको नीतिप्रति अमेरिकामा पनि विरोध हुन थालेको छ । अमेरिकाको लागि यतिखेर यो युद्ध 'निल्नु न ओकल्नु'को अवस्थामा पुर्‍याएको छ ।

### अहिलेको अवस्था

चार बर्षदेखि रुस र युक्रेनबीच युद्ध जारी छ । मध्यपूर्वको अहिलेको युद्धले गर्दा विश्व आर्थिकमन्दीमा पर्ने निश्चित छ । यतिखेर, सुन र चाँदीको मूल्यमा गिरावटको मुख्य कारण युद्ध नै हो । सुनको ठूला क्रेताहरु यतिखेर, सुन बेचेर अमेरिकन डालर थुर्पान थालेको अर्थविद्को भनाई छ । खाँडीका जुन जुन मुलुकको तेल भण्डारणमाथि ईरानले आक्रमण गरेका छन् । सउदी अरब, कतारलगायतका ति देशहरु ईरानलाई चेतावनी दिएका छन् । यदि, ईरानले तेल प्रशोधन केन्द्र एवम् भण्डारणमाथि थप आक्रमण गर्‍यो भने त्यसको दुष्परिणाम ईरानलाई भोग्नुपर्ने भनेर थर्काएका छन् । तर, ईरान कसैको दवावमा नपरी अन्धाधुन्ध आक्रमण इजराइललगायत खाँडीस्थित अमेरिकन सैन्य शिविरमा जारी राखेका छन् । यदि, खाँडी मुलुकपनि युद्धमा सहभागी भयो भने अवस्था झन भयावह हुनेछ ।

ईरानले परमाणुस्थल नजिकको शहर डिमोनामाथि ब्यालेष्टिक मिसाइलले आक्रमण गर्दा १०० जनाभन्दा बढी घाइते भएका छन् । उनको मिसाइल आक्रमणलाई रोक्न इजरायलको प्रतिरक्षा प्रणाली असफल रह्यो । सो आक्रमणको चौंबीस घण्टा नवित्दै इजरायलले पनि इरानमाथि ५० भन्दा बढी बमबर्षक विमानबाट आक्रमण गर्‍यो । सो आक्रमणबाट इरानलाई धेरै क्षति भएको छ । ईरानले चार हजार किलोमिटर दूरीसम्म प्रहार मिसाइलबाट आक्रमण गरेपछि अमेरिकापनि स्तब्ध छन् । युद्धको पहिलो साता इरानले प्रतिदिन २९०भन्दा बढी मिसाइल र ड्रोनबाट आक्रमण गरेका थिए । विस्तारै घटाएर १५०मा झारेको थियो । ईरानको तेल प्रशोधन केन्द्रमा इजरायलको आक्रमणपछि ईरानले आक्रमणको गतिमा बृद्धि गरी दैनिक २५०पटकमा पुर्‍याएको छ । दुवैपक्ष एक कदमपनि पछाडि हट्ने पक्षमा छैनन् । डिमौना शहरमाथि आक्रमणको जवाफमा इजरायलले पनि नतांज परमाणुकेन्द नजिक आक्रमण गर्‍यो ।

ईरान १६ लाख बर्गकिलोमिटरको देशका साथै ईरानको भौंगोलिक स्थितिले पनि सैन्य र हतियार राख्नमा मदत पुग्ने गर्छ । इजरायल छोटो देश भएकाले सिमीत क्षेत्रमैं अनेकौंपटक आक्रमण हुने गर्छ ।

### तेलको कारोवार

विश्वका २० प्रतिशत तेल र ग्यास होर्मुज मार्गबाट तेस्रो मुलुक जाने गर्दछ । इरानले सो मार्गमाथि एक किसिमले प्रतिबन्ध लगाएको छ । उनको अनुमति बेगर जाने जहाजमाथि आक्रमण गर्ने गर्छन् । सो कारणले गर्दा विश्व बजारमा तेल र ग्यासको व्यापक अभावका साथै मूल्य अकासिन थालेको छ । उर्जा निर्यातको मुख्य मार्ग भएकाले प्रतिदिन सो मार्ग भएर करिव २१ मिलियन बैरल तेल निर्यात हुने गर्छ । एक बैरल १५९ लीटरको हुन्छ । सो अप्रसोधित तेलबाट ७२देखि ८० लीटर पेट्रोल, ३८देखि ४६ लीटर डिजेल, १५देखि १९ लीटर हवाई इन्धन तयार हुन्छ । यसका साथै विटुमिन,लुब्रिकेनट, वेसलीन, प्लाष्टिक र सल्फर निर्माण हुन्छ । खासगरी, सउदी अरब, ईरान,कुवैत र इराक, कतारलगायत देश सोही मार्गमाथि निर्भर छन् । भारतको सो मार्ग भएर ४० प्रतिशतभन्दा बढी अप्रशोधित तेल र ग्यास आपूर्ति हुने गर्छ । भारतले नेपाललाई उपलब्ध गराउने गर्छ ।

### होर्मुज महत्व

होर्मुज जलडमरुमध्य विश्वको सवैभन्दा महत्वपूर्ण उर्जा 'चोक प्वाइन्ट' अर्थात साघुरो बाटो हो । फारसको खाडी र ओमानको खाडीलाई जोड्ने ३९ किलोमिटर चौंडाईको समुद्री मार्ग हो । यो मार्ग भएर वैश्विक समुद्री तेल व्यापार हुने गर्छ । विश्वको २०देखि २५ देशको सोही मार्गबाट प्राकृतिक ग्यास र तेल बोकेका जहाजहरु विभिन्न देशमा पुग्ने गर्दछ । ईरानको नजिक भएर मध्यपूर्वको तेल अन्तर्राष्ट्रिय बजारमा निर्यात हुने गर्छ । ति देशहरुका लागि एक किसिमको जीवन रेखा नै हो । ईरान र ओमानको बीच भागमा होर्मुज पर्दछ ।

ईरानले आफ्नो स्वीकृतिबेगर कुनैपनिको जहाज आवतजावत गर्न नदिने भनेर रोक लगाएपछि अवस्था तनावपूर्ण बनेको छ । उनले उक्त बाटोको प्रयोग गरेपछि कर तिर्नुपर्ने शर्त राखेका छन् । एउटा जहाजलाई कम्तिमा २० लाख डालर तिर्नुपर्ने हुन्छ । युद्धको क्षति वसुलगर्ने नीति राखेका छन् । यो अव, समुद्री मार्गको विवाद मात्रै नरही उर्जा सुरक्षा र शक्ति सन्तुलनको सङ्घर्षको रुपमा परिणत भएको देखिन्छ । होर्मुजको विषयमा नाटो राष्ट्रको सहयोग ट्रम्पले खोजेको थियो । तर, नेटो राष्ट्रहरु पनि उक्त युद्धबाट अलग गरेपछि ट्रम्पलाई ठूलो झड्का लागेको छ । 'इतिश्री'

# मधेसमा विकास कि उपभोक्ता समितिको नाममा लुट संस्कृतिलाई निरन्तरता



प्रेमचन्द्र झा

मधेस प्रदेशमा हरेक वर्ष झैं यसपालि पनि असार नजिकिँदै जाँदा विकासको भाष्य फेरि एकपटक प्रश्नको घेरामा परेको छ। कागजमा कोरिएका योजना, बजेटको भारी अंक र सार्वजनिक प्रतिबद्धताका चर्का स्वरहरूबीच अन्ततः उही पुरानो दृश्य दोहोरिने संकेत देखिएको छ–हतारमा काम सक्ने, गुणस्तरभन्दा खर्चलाई प्राथमिकता दिने, र विकासलाई राजनीतिक व्यवस्थापनको औजार बनाउने।

चालु आर्थिक वर्ष सकिन अब चार महिना मात्र बाँकी रहँदा प्रदेश सरकारको ध्यान योजनाको प्रभावकारिताभन्दा खर्चको गतिमा केन्द्रित देखिन्छ। भौतिक पूर्वाधार विकास मन्त्रालयमा मात्रै करिब २५ लाख रुपैयाँभन्दा कमका दुई हजार पाँच सयभन्दा बढी योजना कार्यान्वयनको पर्खाइमा थन्किएका छन्। ऊर्जा, सिँचाइ, कृषि र पर्यटनजस्ता अन्य मन्त्रालयहरूको अवस्था पनि खासै फरक छैन। टेन्डर प्रक्रियामा जान समय लाग्ने तर्कसहित अहिले ती योजनाहरू 'उपभोक्ता समिति' मार्फत कार्यान्वयन गर्ने तयारी अघि बढाइएको छ–जसलाई सहज बाटो भनिए पनि विवादको केन्द्रबिन्दु बनिसकेको छ।

यो अभ्यास नयाँ भने होइन। मधेसको प्रशासनिक इतिहासमा 'असारे विकास' एउटा परिचित शब्द बनिसकेको छ । जसले विकासभन्दा पनि बजेट सक्ने संस्कृतिको प्रतिनिधित्व गर्छ। वर्षभरि अल्झिएका योजना असार लागेपछि एकाएक गति लिन्छन्। सडकहरू वर्षातको भेलमै पिच गरिन्छन्, पुलहरू अधुरै अवस्थामा हतारमा उद्घाटन गरिन्छन्, र गाउँका गल्लीहरूमा ग्राभेल हालेर खर्च मिलाइन्छ। परिणामतः विकासको नाममा गरिएको काम दीर्घकालीन भन्दा पनि क्षणिक देखिन्छ।

सबैभन्दा विडम्बनापूर्ण पक्ष भनेको राजनीतिक स्मृतिको छोटो आयु हो। गत वर्ष यही प्रक्रियाबाट बजेट खर्च गरिएको भन्दै सत्ताबाहिर रहेका दलहरूले सडकदेखि सदनसम्म विरोध जनाएका थिए। पारदर्शिता र सुशासनको नारा बुलन्द गरिएको थियो, छानबिन समिति गठनसम्मको माग उठेको थियो। तर, समयसँगै सत्ता समीकरण फेरियो, भूमिका बदलियो, र आज ती नै आवाजहरू मौन मात्र छैनन्।उनीहरू स्वयं त्यही प्रक्रियालाई वैधानिकता दिन आतुर देखिन्छन्।

यसले प्रश्न उठाउँछ–के समस्या प्रक्रियामा थियो, कि सत्तामा नहुँदाको असन्तुष्टिमा?

उपभोक्ता समितिमार्फत काम गराउने मोडेल सैद्धान्तिक रूपमा समुदायको सहभागिता बढाउने र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने माध्यम हुन सक्छ। तर व्यवहारमा यसको प्रयोगले अनेक विकृति निम्त्याएको अनुभव मधेसले बारम्बार भोगिसकेको छ। गाउँघरमा समिति गठन राजनीतिक पहुँच, नातागोता र पार्टी निष्ठाका आधारमा हुन्छ। कामको गुणस्तरभन्दा 'को कति नजिक छ' भन्ने आधारमा जिम्मेवारी बाँडिन्छ। परिणामतः सार्वजनिक स्रोतको उपयोग भन्दा पनि वितरणको राजनीति हावी हुन्छ।

स्थानीय स्तरमा यसले अर्को तनाव पनि जन्माउँछ। उपभोक्ता समितिको अध्यक्ष बन्ने होड, बजेट आफ्नो समूहमा ल्याउने प्रतिस्पर्धा, र त्यसका लागि हुने आन्तरिक खिचातानीले सामाजिक सद्भावसमेत प्रभावित हुने गरेको छ। विकासको नाममा सुरु भएको प्रक्रिया अन्ततः द्वन्द्वको कारण बन्नु, लोकतान्त्रिक विकेन्द्रीकरणको मर्मसँग मेल खाँदैन।

अर्थशास्त्रीय दृष्टिले हेर्दा पनि असारमा हतार-हतार गरिने खर्चले दीर्घकालीन मूल्य सिर्जना गर्न सक्दैन। योजना छनोटदेखि कार्यान्वयनसम्मको प्रक्रियामा आवश्यक अध्ययन, डिजाइन र निगरानीको अभाव हुन्छ। यस्तो अवस्थामा गरिएको लगानी 'संकलित पूँजी' बन्नुको सट्टा 'हराएको अवसर' मा परिणत हुन्छ। करदाताले तिरेको पैसा तत्काल खर्च त हुन्छ, तर त्यसले अपेक्षित प्रतिफल दिन सक्दैन।

राजनीतिक विश्लेषकहरू भन्छन्–यो केवल प्रशासनिक कमजोरी होइन, संरचनागत समस्या हो। बजेट निर्माण ढिलो हुनु, योजना समयमै स्वीकृत नहुनु, र कार्यान्वयन क्षमतामा कमी हुनुजस्ता कारणहरूले अन्त्यमा 'छोटो बाटो' रोज्न बाध्य बनाउँछ। तर प्रश्न यति मात्रैमा सीमित छैन। जब हरेक वर्ष यही समस्या दोहोरिन्छ, त्यसलाई 'बाध्यता' भन्दा पनि 'संस्कृति' भन्नुपर्ने हुन्छ। सुशासनको रटान गर्ने मुख्यमन्त्री कृष्ण यादव अवजस आफ्नो टाउकोमा बोक्न आतुर छन् । अब फेरि एकपटक मन्त्रिपरिषद्बाट निर्णय भएर उपभोक्ता समितिमार्फत हजारौं योजना अघि बढ्ने सम्भावना बलियो बन्दैछ। त्यसपछि गाउँ-गाउँमा राजनीतिक सक्रियता बढ्नेछ, तर त्यो विकासका लागि भन्दा पनि बजेटको पहुँचका लागि केन्द्रित हुनेछ।

सरकारले आगामी वर्षदेखि सबै योजना टेन्डर प्रक्रियाबाटै गर्ने दाबी गरेको छ। तर यस्ता प्रतिबद्धताहरू विगतमा पनि पटक-पटक दोहोरिएका छन्। कार्यान्वयनमा नदेखिएको इच्छाशक्ति र जवाफदेहिताको अभावले ती वाचा कागजमै सीमित भएका उदाहरणहरू प्रशस्तै छन्।

अन्ततः प्रश्न उही पुरानै हो–विकास कसका लागि, कसरी र किन?

मधेसका बासिन्दाका लागि 'असारे विकास' अब केवल प्रशासनिक शब्दावली होइन, एक प्रकारको निराशाको प्रतीक बनिसकेको छ। जबसम्म योजना निर्माणदेखि कार्यान्वयनसम्म पारदर्शिता, समयबद्धता र उत्तरदायित्व सुनिश्चित हुँदैन, तबसम्म असार आउँदै जाँदा विकासको नाममा हुने यो हतारले जनविश्वासलाई झन् कमजोर बनाउँदै जानेछ।

विकासको असली परीक्षा बजेट सक्ने गतिमा होइन, त्यसले नागरिकको जीवनमा ल्याउने स्थायी परिवर्तनमा हुन्छ। तर यदि प्राथमिकता फेरिएन भने, मधेसमा विकासको कथा अझै केही वर्ष 'हतारको काम, लतरपतर' कै रूपमा लेखिँदै जानेछ।

# प्रजातन्त्रको रक्षाका लागि गाउँसम्म विचार पुऱ्याउनुपर्ने



चितवन । प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि विचारहरु गाउँसम्म पुऱ्याउन आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन् ।

प्रजातान्त्रिक विचार समाज चितवनको २७औँ साधारणसभा तथा ११औँ अधिवेशनको अवसरमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि दल र आमनागरिकमा यसको भाष्य के हो भनेर बुझाउन आवश्यक रहेको बताएका हुन् ।

कार्यक्रममा प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले देश र जनताले प्राप्त गरेको अधिकारको रक्षा गर्ने समय आएको बताउनुभयो । जनताले प्राप्त गरेको अधिकार रक्षाका लागि आफ्ना विचारहरु गाउँसम्म पुऱ्याएर जनतालाई बुझाउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "राज्य सत्ता कहिले काँही निरंकुश बन्न सक्छ । त्यसको विषयमा आमजनतालाई बुझाउन आवश्यक छ ।"

समाजका पूर्वअध्यक्ष केदारनरसिंह केसीले आमजनताले लोकतन्त्रको महसुस हुने गरी यसको अर्थ जनतामा बुझाउन आवश्यक रहेको बताउनुभयो । आमजनताको अधिकार रक्षाका लागि प्रजातान्त्रिक विचार समाजले आफ्नो सन्देश गाउँसम्म पुऱ्याउन आवश्यक रहेको उहाँको भनाइ थियो । ज्ञान र विचारको पुञ्जको रुपमा समाजमा सकारात्मक भूमिका खेल्न यो समाज सक्रिय हुन आवश्यक रहेको उहाँको बताउनुभयो ।

नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, वीरेन्द्र बहुमुखी क्याम्पसका पूर्वप्रमुख दयाराम पौडेल, नेपाल शिक्षक सङ्घ चितवनकी अध्यक्ष इन्दिरा मरहठ्ठाले समाजमा प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि आवश्यक सन्देश प्रवाह गर्न समाजको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । देशमा जब समस्या पर्छ त्यो समयमा शिक्षित वर्ग एक भएर लाग्न आवश्यक रहेको उहाँहरुको भनाइ थियो ।

समाजका जिल्ला अध्यक्ष सुरेशचन्द्र आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव विकास पौडेल, कोषाध्यक्ष सुनिता सडौलाले क्रमशः साङ्गठनिक र आर्थिक प्रतिवेदन पेस गर्नुभएको थियो । रासस

# सानेपामा कांग्रेसका सांसदहरूलाई अभिमुखीकरण सुरु

पाटन । नेपाली कांग्रेसको पार्टी कार्यालय सानेपामा प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूलाई अभिमुखीकरण सुरु भएको छ ।

पार्टीका तर्फबाट प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष तथा समानुपातिकतर्फ निर्वाचित र राष्ट्रियसभाका नवनिर्वाचित सदस्यहरूका लागि 'संसदीय सचेतना'का लागि पार्टीको केन्द्रीय उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्री प्रदीप पौडेल र गुरुराज घिमिरेले नवनिर्वाचित सांसदहरूलाई प्रशिक्षण दिने कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो ।

कांग्रेसले पार्टीका तर्फबाट संसदीय अभ्यास, प्रक्रिया एवं प्राथमिकता तथा पार्टीको प्रतिज्ञापत्रबारे बुझाउन 'संसदीय सचेतना' कार्यक्रम




कार्यालयमा आज शनिबार ११:४५ बाट अभिमुखीकरण सुरु भएको हो ।

नवनिर्वाचित सांसदहरूका लागि 'संसदीय सचेतना' कार्यक्रम गर्ने भएको छ । कांग्रेसले कांग्रेसले तय गरेको कार्यतालिका अनुसार पार्टी सभापति गगनकुमार थापा, आयोजना गरेको उहाँले जानकारी दिनुभयो ।

प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसबाट प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० जना निर्वाचित भएका छन् । यस्तै राष्ट्रियसभामा कांग्रेसबाट नौ जना नवनिर्वाचित सांसदहरू छन् । रासस

# ओली र लेखकको पक्राउ प्रतिशोध होइन, न्यायको सुरुआत हो: गृहमन्त्री गुरुङ



काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले कानुनभन्दा माथि कोही पनि नरहेको बताउनुभएको छ ।

गत भदौ २३ गतेको जेनजी आन्दोलनका बारेमा छानबिन गर्न गठित आयोगले दोषी ठहर गरेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइनु प्रतिशोध नभएको स्पष्ट पार्नुभयो ।

"कानुनभन्दा माथि कोही छैन । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई नियन्त्रणमा लिएका छौं, यो कसैप्रति प्रतिशोध होइन, केवल न्यायको सुरुआत हो", मन्त्री गुरुङले फेसबुकमा लेख्नुभएको छ ।

उहाँले अब देशले नयाँ दिशा लिने विश्वाससमेत व्यक्त गर्नुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले जेनजी आन्दोनलको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

आयोगले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री लेखकलगायतमाथि फौजदारी कानुनअनुसार कारबाही गर्न सिफारिस गरेको छ । सोही सिफारिसका आधारमा प्रहरीले आज बिहानै ओली र लेखकलाई पक्राउ गरेको हो । रासस

# चिनियाँ परराष्ट्रमन्त्रीद्वारा मन्त्री खनाललाई बधाई, द्विपक्षीय सम्बन्ध सुदृढ बनाउने प्रतिबद्धता

काठमाण्डु । चीनका परराष्ट्रमन्त्री वाङ यीले नेपालका नवनियुक्त परराष्ट्रमन्त्री शिशिर खनाललाई कार्यभार सम्हाल्नुभएकामा हार्दिक बधाई ज्ञापन गर्नुभएको छ ।

मन्त्री खनाललाई शुक्रबार बधाई सन्देश पठाउँदै चिनियाँ परराष्ट्रमन्त्रीले

नेपाल र चीन परम्परागत मैत्रीपूर्ण छिमेकी राष्ट्र भएको उल्लेख गर्दै सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुवै देश सुख-दुःखमा सँगसँगै उभिँदै आएको बताउनुभएको छ ।

परराष्ट्रमन्त्री वाङले द्विपक्षीय सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तका आधारमा निरन्तर विकास हुँदै आएको पनि उल्लेख गर्नुभएको छ ।

चिनियाँ परराष्ट्रमन्त्रीले दुवै पक्षबीच भएका महत्वपूर्ण सहमतिहरू कार्यान्वयन गर्न तथा विकास र समृद्धिका लागि दीर्घकालीन मैत्रीमा आधारित चीन-नेपाल रणनीतिक सहकार्य साझेदारीलाई थप उचाइमा पुऱ्याउन मन्त्री खनालसँग सहकार्य गर्न चीन तयार रहेको सन्देशमा उल्लेख गर्नुभएको छ । रासस



# को हुन् बादी समुदायबाट पहिलो मन्त्री बन्न सफल सीता ?

कर्णाली । सिता बादी बादी समुदायबाट मन्त्री बन्ने पहिलो व्यक्ति हुनुहुन्छ । सुर्खेत वीरेन्द्रनगर नगरपालिका-११ नयाँगाउँकी उहाँ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको हो ।

शुक्रबार भएको सरकार गठनका क्रममा बालेन्द्र शाह नेतृत्वको सरकारमा उहाँले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ । विसं.२०५२ भदौ २३ गते सुर्खेतम जन्मनुभएकी उहाँले सुर्खेतको झुप्रा खोलामा बालुवा चालेर आफ्नो आमा बाबासँग दैनिकी गुजार्दै आउनुभएको थियो । उहाँले पदभार ग्रहण गर्दै भन्नुभयो, "यो स्थानमा पुगिएला भन्ने कल्पनासमेत गरेकी थिइन । किनकी मेरो बिगत र पृष्ठभूमि निकै असहज थियो । परिवार सम्झेर आजको यो पलले मलाई भावुक बनाएको छ ।"



महिला हिंसा, अपाङ्गता भएका व्यक्तिका समस्यालाई नीतिगत तहबाट कानून निर्माण गरी कार्यान्वयन गर्ने र उनीहरुमा परिवर्तनमा आभास गराउने सोच राखेर अगाडि बढ्ने संकल्प गरेको उहाँले बताउनुभयो । मूलतः कमजोर आर्थिक अवस्था, शिक्षाबाट बञ्चित, भूमिहीन बादी समुदायका समस्यासहित समाजमा महिला, बालबालिका र ज्येष्ठ नागरिकको हक एवं अधिकारका सवालमा बिगत भन्दा माथि उठेर काम गर्ने मन्त्री बादीको भनाइ छ ।

झुप्रा खोला, भेरी नदी किनारमा बालुवा उत्खनन् गरेर जीविकोपार्जन गर्दै आउनुभएका उहाँले भेरीगंगा नगरपालिकाको सत्तरी भन्ने स्थानबाट प्राथमिक तहको शिक्षा लिनुभएको थियो । १३ वर्षको उमेरमा पढ्नकै लागि एक संस्थाको सहयोग घर छोडेर काठमाडौँ जानुभयो । उहाँले राजनीतिक शास्त्रमा स्नातकोत्तर तहको उपाधि हासिल गर्नुभएको छ ।

अधिकारकर्मी हिक्मत वादीले सङ्कट बेहोर्दै पटक पटक गरेको आन्दोलन र निरन्तरको सङ्घर्षपछि वादी समुदायको प्रतिनिधित्व गर्दै सीता सङ्घीय सरकारको मन्त्रिपरिषद् सदस्य बन्नु इतिहासकै गर्वलायक क्षण भएको बताउनुभयो । "सदियौंदेखि थिचोमिचोमा परेको भूमिहीन समुदायले अब न्याय पाउने आशा गरेको छु । अब हामी प्रति हेर्ने नजर फेरिने र अवस्था बदलिनेछ", उहाँले भन्नुभयो ।"

जीवनयापनका लागि खोला, नदी किनार धाउनुपर्ने, कमजोर आर्थिक अवस्थामा शिक्षाबाट बञ्चित, कमजोर स्वास्थ्य अवस्था बदल्न र विभेद, असमानता, गरिबी, बेरोजगारीविरुद्ध स्पष्ट नीति निर्माण गरी कानून बनाएर कार्यान्वयन गर्नतर्फ विशेष भूमिका निर्वाह गर्ने मन्त्री वादीले बताउनुभयो ।

त्यस्तै मुलुकमा देखिएको व्याप्त भ्रष्टाचार अन्त्य गर्ने, दलितहरुलाई आत्मसम्मानका साथ बाँच्न सक्ने सहज अवस्था निर्माण गर्ने, सेवा प्रवाह सहजता ल्याउने, महिला सशक्तीकरण, दलित अधिकार, बाल संरक्षण, सुशासन, स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखेर सरकारी तहबाट विशेष जिम्मेवारी पूरा गर्ने र नागरिकहरुको जीवन बदल्ने यात्राको रूपमा राजनीतिकलाई माध्यम बनाउने उहाँले बताउनुभएको छ ।

कर्णालीका राजनीतिक विश्लेषक तथा नागरिक समाजका अगुवा पिताम्बर ढकालले पिछडिएको भूगोल कर्णाली र त्यसमा पनि समुदायबाट मन्त्री बनेकी सीता बादीको ऐतिहासिक सफलता सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उत्तम अभ्यास भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो व्यवस्थाको सुन्दर पक्ष भनेकै सीता जस्ता पछाडि परेका समुदाय, भेक, क्षेत्र, जाति, लिंग र धर्मका नागरिकहरुको समानुपातिक र समावेशी प्रतिनिधित्व हो । यसले लोकतन्त्रलाई अँझ बढी बलियो बनाएर लैजान्छ ।" रासस

# प्रधानमन्त्रीद्वारा भारत र पाकिस्तानका नेताहरुप्रति कृतज्ञता व्यक्त, सहकार्यको प्रतिबद्धता

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले भारतका प्रधानमन्त्री तथा पाकिस्तान राष्ट्रपति र प्रधानमन्त्रीप्रति कृतज्ञता ज्ञापन गर्दै उहाँहरूसँग निकट सम्पर्कमा रहेर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, पाकिस्तानका राष्ट्रपति आसिफ अलि जर्दारी र प्रधानमन्त्री शेहेवाज शरिफबाट बेग्लाबेग्लै प्राप्त बधाई सन्देशका निम्ति सामाजिक सञ्जालमार्फत कृतज्ञता ज्ञापन गर्दै सहकार्यको प्रतिबद्धता व्यक्त गर्नुभएको हो । प्रधानमन्त्रीको कार्यालयको पोष्टमा भनिएको छ, "PM@narendramodi, तपाईंको स्नेह र शुभकामनाका लागि धन्यवाद । हाम्रा दुई देशबीचको बहुपक्षीय सम्बन्धलाई आम जनताको समृद्धिका लागि अघि बढाउन म तपाईंसँग निकट रहेर सहकार्य गर्न इच्छुक छु ।"



> PM@narendramodi,
> तपाईंको स्नेह र शुभकामनाका लागि धन्यवाद ।
> हाम्रा दुई देशबीचको बहुपक्षीय सम्बन्धलाई आम
> जनताको समृद्धिका लागि अघि बढाउन म तपाईंसँग
> निकट रहेर सहकार्य गर्न इच्छुक छु ।"

त्यसैगरी, प्रधानमन्त्री शाहका तर्फबाट पाकिस्तानका सम्माननीय राष्ट्रपति, तपाईंको हार्दिक बधाइका शब्दको लागि धन्यवाद । म तपाईंको भावनाको प्रतिफलस्वरूप हाम्रो सम्बन्धलाई मैत्री र छिमेकीपना भावना अनुरूप अझ मजबुत बनाउने प्रतिबद्धता दोहोऱ्याउँछु २एचभकइाएबपष्कतबल भनिएको छ ।

यसैगरी, "एचष्भ :ष्लष्कतभच २ ऋ:क्जभजदबश तपाईंको हार्दिक बधाइको लागि धन्यवाद । हाम्रो द्विपक्षीय सम्बन्ध र क्षेत्रीय सहकार्य अझ मजबुत बनाउने उद्देश्यले सँगै काम गर्न म तत्पर छु, प्रधानमन्त्रीले भन्नुभएको छ ।

# एमाले अध्यक्ष ओलीको स्वास्थ्य अवस्था सामान्य

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पताल महाराजगञ्जमा भर्ना गरी उपचाररत रहनुभएका उहाँको स्वास्थ्य अवस्था सामान्य नै रहेको अस्पतालका प्रवक्ता डा गोपाल सेढाईंले जानकारी दिनुभयो ।

"उहाँको आज स्वास्थ्य परीक्षण गरियो । परीक्षण गरिएका कुरा सामान्य नै रहेको पाइयो । बिहान भर्ना हुँदा मुटुको धड्कन बढे पनि हाल ठीक भएको छ । मिर्गौला पनि ठीक रहेको छ", उहाँले भन्नुभयो । अस्पतालका प्रवक्ता डा सेढाईंले अध्यक्ष ओलीको पित्तथैलीमा पत्थरी देखिएकाले आज अस्पतालमा नै राखेर उपचार गरिने बताउनुभयो ।

अध्यक्ष ओलीलाई आज प्रहरीले पक्राउ गरेर उपचारका लागि शिक्षण अस्पतालमा भर्ना गरिएको हो ।

उहाँलाई गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । रासस



# नवनियुक्त प्रधानमन्त्री शाहलाई चीनको बधाइ



काठमाण्डु । नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहलाई चीनले बधाई दिएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले नियमित पत्रकार सम्मेलनमा आज चीनका तर्फबाट प्रधानमन्त्री शाहलाई बधाई दिनुभयो ।

साथै उहाँले परम्परागत मित्र र छिमेकीका रूपमा, चीनले सधैं नेपाललाई आफ्नो स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डता जोगाउन, साथै एकता, स्थायित्व, विकास र समृद्धि हासिल गर्न सहयोग गर्दै आएको उल्लेख गर्नुभयो ।

सो अवसरमा प्रवक्ता लिनले चीन नयाँ नेपाली सरकारसँग मिलेर परम्परागत मित्रतालाई अझ सुदृढ बनाउन, व्यावहारिक सहकार्यलाई गहिरो बनाउन तथा विकास र समृद्धिका लागि दीर्घकालीन रणनीतिक सहकार्य साझेदारीलाई अघि बढाउन तयार रहेको बताउनुभयो । रासस

# मध्यपूर्व वार्ताको मध्यस्थता गर्दै पाकिस्तान

रासस/एएफपी। पाकिस्तानको मध्यस्थतामा हुन लागेको मध्य पूर्वको युद्ध सामाधानार्थ वार्ताको लागि साउदी अरेबिया, टर्की र इजिप्टका विदेश मन्त्रीहरू इस्लामाबादमा आउने तयारी भएको जनाइएको छ।

पाकिस्तानी विदेश-मन्त्री इशाक दारले आफ्ना गर्ने विदेश मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको छ।

विदेश मन्त्रीहरूले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफलाई पनि भेट्ने कार्यक्रम रहेको बताइएको छ। विदेश मन्त्रालयको स्रोतले यस अघि सोमबार वहु-पक्षिय बैठक हुने र प्रतिनिधिमण्डल आइतबार साँझ सम्म पाकिस्तान पुग्ने



समकक्षीहरूलाई आमन्त्रित गर्नु भएको थियो भने उनीहरू आइतबार र सोमबार पाकिस्तानी राजधानीमा हुने बताइएको छ। भ्रमणको क्रममा विदेश मन्त्रीहरूले यस क्षेत्रमा तनाव कम गर्ने प्रयास सहित विभिन्न विषयमा गहन छलफल अपेक्षा गरेको जनाएको थियो।

द्वन्द्व बढ्दै जाँदा इरान र संयुक्त राज्य अमेरिका बीच एक प्रमुख सहयोगीको रूपमा देखा पाकिस्तान परेको छ, जसले दुई पक्षहरू बिचको सन्देशका लागि मध्यस्थताको रूपमा काम गरिरहेको छ।

# होर्मुज क्षेत्रमा मानवीय सहायता सुनिश्चित गर्न संयुक्त राष्ट्र सक्रिय

रासस/सिन्ह्वा। संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा बढ्दो द्वन्द्वका बीच होर्मुज जलडमरु क्षेत्रमा मानवीय आवश्यकताहरू पूरा गर्न प्राविधिक संयन्त्र विकास गर्न एक कार्यदल गठन गर्नुभएको छ। उहाँका प्रवक्ताले जानकारी दिए अनुसार, मध्यपूर्वमा जारी द्वन्द्वका कारण होर्मुज जलडमरु हुँदै हुने समुद्री व्यापारमा अवरोध आउँदा आगामी महिनाहरूमा मानवीय सहायता र कृषि उत्पादनमा गम्भीर असर पर्न सक्ने जोखिम बढेको छ।



महासचिव गुटेरेसले द्वन्द्वको दिगो समाधानका लागि प्रयास जारी राख्ने प्रतिबद्धता जनाउँदै तत्काल समुद्री चुनौती समाधान गर्न आवश्यक देखेर कार्यदल गठन गरिएको बताउनुभएको छ। यस कार्यदलले जलडमरु क्षेत्रमा जहाजहरूको सुरक्षाका उपायहरू खोज्नेछ। नयाँ संयन्त्रमार्फत मल तथा त्यससँग सम्बन्धित कच्चा पदार्थको व्यापार सहज बनाउने लक्ष्य राखिएको छ। यो संयन्त्र सम्बन्धित सदस्य राष्ट्रहरूसँग समन्वय गरी राष्ट्रिय सार्वभौमिकता र अन्तर्राष्ट्रिय कानुनी मापदण्डको पूर्ण सम्मानका साथ सञ्चालन गरिनेछ।

यसैबीच, स्वास्थ्य क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय निकायका अनुसार दुबईबाट पठाइने राहत सामग्री पुनः नियमित बन्दै गएको छ। मध्यपूर्वमा इजरायल र लेबनानस्थित हिजबुल्लाहबीचको लडाइँ तीव्र बन्दै जाँदा चिन्ता बढेको छ। लेबनानमा करिब १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्, जुन त्यहाँको कुल जनसंख्याको करिब पाँचौं हिस्सा हो। बालबालिकाहरू विशेष रूपमा प्रभावित भएका छन्, दैनिक करिब १९ हजार बालबालिका विस्थापित भइरहेका छन्।

शान्ति स्थापनामा खटिएका संयुक्त राष्ट्रका सैनिकहरूको सुरक्षा अवस्था पनि कमजोर बन्दै गएको छ। हालै सीमावर्ती क्षेत्रमा ठूलो संख्यामा आक्रमणका गतिविधिहरू देखिएका छन्। प्रवक्ताले हिजबुल्लाहलाई इजरायलमाथि आक्रमण रोक्न र इजरायललाई लेबनानमा हुने सैन्य कारबाही रोक्न आग्रह गर्नुभयो, किनभने यसले सर्वसाधारणलाई सबैभन्दा बढी असर पारिरहेको छ।

पश्चिम किनार क्षेत्रमा पनि हिंसा जारी छ। केही स्थानमा नागरिकको ज्यान गएको छ भने बसोबास क्षेत्रहरूमा आक्रमण र क्षति बढेको छ। हालैका महिनाहरूमा यस्ता घटनाका कारण हजारौं मानिस विस्थापित भएका छन्।

गाजा क्षेत्रमा राहत वितरण जारी रहे पनि पहुँचमा अवरोध, आपूर्ति शृङ्खलामा समस्या र निरन्तर आक्रमणका कारण चुनौतीहरू कायम छन्।

# इरानका संवेदनशील क्षेत्रमा आक्रमण, तर जोखिम न्यून

रासस/सिन्ह्वा। अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायका अनुसार इरानका खोनदाब र खुजेस्तानस्थित संयन्त्रहरूमा भएको आक्रमणपछि कुनै पनि विकिरण जोखिम देखिएको छैन। रहेको इस्पात उत्पादन गर्ने उद्योगमा पनि आक्रमण भएको जानकारी दिइएको छ। उक्त उद्योगमा औद्योगिक मापनका लागि बन्द रेडियोधर्मी स्रोतहरू प्रयोग गरिन्छ। निकायले उक्त स्थानबाट बाहिर कुनै विकिरण फैलिएको पुष्टि



निकायले इरानको जानकारीअनुसार केन्द्रीय क्षेत्रमा रहेको खोनदाबको भारी पानी उत्पादन केन्द्रमा आक्रमण भएको थियो। उक्त केन्द्रमा घोषणा गरिएको कुनै आणविक सामग्री नभएको र त्यहाँबाट कुनै विकिरण जोखिम नदेखिएको बताइएको छ।

त्यस्तै, खुजेस्तान प्रान्तमा नभएको जनाएको छ।

यी आक्रमणहरू फागुन १६ गतेदेखि सुरु भएको अमेरिका-इजरायल-इरानबीचको करिब एक महिनादेखि जारी द्वन्द्वका क्रममा भएका हुन्। हालसम्म ती पक्षहरूबीच भीषण सङ्घर्ष जारी रहे पनि युद्धविरामतर्फ कुनै ठोस प्रगति भएको छैन।

# मध्यपूर्व द्वन्द्वको वैश्विक असर, अर्थतन्त्रमा दबाब

रासस/एएफपी। मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्रमा गहिरो र बहुआयामिक असर पारेको छ। थाइल्याण्डले इरान सँग हर्मुज जलडमरूमध्य हुँदै आफ्ना तेल ट्याङ्करहरू सुरक्षित रूपमा सञ्चालन गर्न सहमति गरेको छ, जसले इन्धन आपूर्ति अवरुद्ध हुने चिन्ता केही हदसम्म कम गरेको छ। तर, यही जलमार्गमा इरानले केही जहाजहरू फिर्ता पठाएको बताएको छ, विशेष गरी अमेरिक-इजरायललाई सहयोग गर्ने देशसँग सम्बन्धित जहाजहरूलाई लक्षित गर्दै, जसले विश्व व्यापार र ऊर्जा आपूर्तिमा अनिश्चितता थप बढाएको छ।



यसैबीच, संयुक्त अरब इमिरेट्सको अबु धाबीस्थित औद्योगिक क्षेत्रमा मिसाइल र ड्रोन आक्रमणपछि आगलागी हुँदा कम्तीमा पाँच जना घाइते भएका छन्। कुवेतको मुख्य व्यापारिक बन्दरगाह शुवैखमा पनि ड्रोन आक्रमणबाट भौतिक क्षति पुगेको छ, यद्यपि मानवीय क्षति भने नभएको बताइएको छ। यी घटनाहरूले खाडी क्षेत्रका प्रमुख ऊर्जा र व्यापारिक केन्द्रहरू असुरक्षित बन्दै गएको सङ्केत दिएका छन्।

युद्धको प्रत्यक्ष प्रभाव विश्व ऊर्जा बजारमा देखिएको छ। तेलको मूल्य तीव्र रूपमा बढेको छ, किनकि लगानीकर्ताहरूले द्वन्द्व चाँडै अन्त्य हुने आशा गुमाउँदै गएका छन्। यसको असर सेयर बजारमा पनि परेको छ, जहाँ प्रमुख बजार सूचकहरू लगातार घटिरहेका छन् र लगानीकर्तामा अनिश्चितता बढेको छ। स्पेन को केन्द्रीय बैङ्कले अर्थतन्त्रमा 'उल्लेखनीय मन्दी' आउन सक्ने चेतावनी दिएको छ, साथै वित्तीय बजारमा अस्थिरता देखिन सक्ने सङ्केत गरेको छ। त्यहाँ इन्धन र ताप ऊर्जाको मूल्य बढ्दा मुद्रास्फीति पनि बढेको छ।

इरानमा भने युद्धका कारण डिजिटल मुद्राको प्रयोग उल्लेखनीय रूपमा बढेको छ। विज्ञहरूका अनुसार यसलाई अन्तर्राष्ट्रिय प्रतिबन्धहरू छल्न र बढ्दो महँगीबाट जोगिन वैकल्पिक वित्तीय माध्यमका रूपमा प्रयोग गरिएको छ। उता, हवाई उडान क्षेत्रमा सुरुवाती दिनको तुलनामा उडान रद्द हुने दर घटे पनि कुल उडान सङ्ख्या अझै कम छ, जसले पर्यटन र व्यापारिक यात्रामा असर पारिरहेको छ।

ऊर्जा सङ्कट अझ गहिरिँदै जाँदा जर्मनीले आवश्यक परे कोइला-आधारित विद्युत् उत्पादनलाई अपेक्षाभन्दा लामो समयसम्म सञ्चालनमा राख्न सक्ने सङ्केत दिएको छ। इजिप्टले ऊर्जा खर्च नियन्त्रण गर्न पसल, रेष्टुरेन्ट र किनमेल केन्द्रहरूलाई राति ९ बजेपछि बन्द गर्न निर्देशन दिएको छ। इथियोपियामा पेट्रोल अभावका कारण मानिसहरू घण्टौं लामो लाइनमा बस्न बाध्य भएका छन्, कतिपयले त गाडीमै रात बिताएका छन्।

यसैगरी, केन्या मा हजारौं टन चिया मुख्य बन्दरगाहमै अड्किएको छ, जसले निर्यात व्यापारमा ठूलो असर पारेको छ। समग्रमा, मध्यपूर्व युद्धले ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार, वित्तीय बजार, यातायात र दैनिक उपभोग्य वस्तुहरूको मूल्यमा व्यापक प्रभाव पार्दै विश्व अर्थतन्त्रमा अस्थिरता र अनिश्चितता बढाएको स्पष्ट देखिन्छ।

# अष्ट्रेलियामा इन्धन आयातमा सरकारी ग्यारेन्टी दिने घोषणा

रासस/सिन्ह्वा। मध्यपूर्वमा भइरहेको सङ्घर्षका कारण प्रभावित आवश्यक वस्तुहरूको आपूर्ति सुनिश्चित गर्न अष्ट्रेलियाली सरकारले नयाँ इन्धन सुरक्षा उपाय अन्तर्गत इन्धन आयातमा ग्यारेन्टी दिने भएको छ। उक्त घोषणा प्रधानमन्त्री एन्थोनी अल्बानेसले शनिबार गर्नुभएको हो।



अल्बानेस र ऊर्जामन्त्री क्रिस बोवेनले सिड्नीमा पत्रकारहरूलाई जानकारी दिँदै सोमबारदेखि सङ्घीय संसदमा नयाँ विधेयक प्रस्तुत गरिने बताउनुभयो। यस विधेयकले निजी क्षेत्रद्वारा इन्धन, मल तथा अन्य आवश्यक वस्तुहरूको खरीदमा विद्यमान निर्यात क्रेडिट एजेन्सीमार्फत सरकारी ग्यारेन्टी प्रदान गर्न अनुमति दिनेछ।अल्बानेसले भन्नुभयो,"सरल भाषामा भन्नुपर्दा, हामी इन्धनको किचनमा आपूर्ति थप्ने बखत सरकारी ग्यारेन्टी दिनेछौं। यो सरकारको सहयोग सामान्य व्यापार जस्तो हुने छैन; यो अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अतिरिक्त आपूर्तिका लागि मात्र हुनेछ।"

उहाँले नयाँ उपायहरूले अतिरिक्त आपूर्ति सुनिश्चित गर्ने आयातकर्ताहरूको आर्थिक जोखिम कम गर्ने बताउनुभयो। यो घोषणा अष्ट्रेलियामा इन्धन मूल्य आकाशिएको र क्षेत्रीय क्षेत्रमा व्यापक अभाव रहेको समयमा आएको हो।

बोवेनले शनिबारसम्म राष्ट्रिय भण्डारणमा पेट्रोल ३९ दिनको, डिजेल ३० दिनको र जेट इन्धन ३० दिनको आपूर्ति रहेको जानकारी दिनुभयो।

# आर्थिक सङ्कटबीच पाकिस्तानलाई आईएमएफको नयाँ सहयोग




रासस/एएफपी। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले शुक्रबार पाकिस्तानसँग १ अर्ब २० करोड अमेरिकी डलर बराबरको नयाँ सहायता प्याकेज खुलाउने विषयमा कर्मचारी-स्तरको सहमति गरेको घोषणा गरेको छ।

दक्षिण एशियाली राष्ट्र पाकिस्तान अर्जेन्टिना र युक्रेनपछि आईएमएफको सबैभन्दा ठूलो ऋणीमध्ये एक हो। आईएमएफले एक विज्ञप्तिमा पाकिस्तान सरकारको 'हालै प्राप्त व्यापक आर्थिक तथा वित्तीय स्थिरतालाई जोगाउन सुदृढ र सावधानीपूर्ण आर्थिक नीतिहरू अवलम्बन गर्ने प्रतिबद्धता, साथै आर्थिक वृद्धि तीव्र बनाउन संरचनात्मक सुधारलाई गहिरो बनाउने र अस्थिर ऊर्जा मूल्यका कारण कमजोर वर्गमा पर्ने प्रभाव कम गर्न सामाजिक सुरक्षालाई सुदृढ गर्ने' प्रयासको प्रशंसा गरेको छ।

आईएमएफका अनुसार उक्त रकम वितरण कार्यकारी बोर्डको स्वीकृतिमा निर्भर रहनेछ। यो सहमति स्वीकृत भएमा पाकिस्तानले एक्सटेन्डेड फन्ड फेसिलिटी अन्तर्गत १ अर्ब डलर र रेजिलिएन्स तथा सस्टेनेबिलिटी फेसिलिटी अन्तर्गत करिब २१ करोड डलर प्राप्त गर्नेछ।

# मेक्सिकोमा हराएका एक लाख ३० हजार मध्ये करिब ४० हजार अझै जीवित ?

रासस/सिन्ह्वा। मेक्सिको सरकारले मार्च २८ मा नयाँ प्रतिवेदन जारी गर्दै एक लाख ३० हजार हराएका व्यक्तिहरूमध्ये करिब ४० हजार ३६७ जनामा अझै जीवित हुने सङ्केत भेटिएको जनाएको छ। सरकारले भ्याक्सिनेशन अभिलेख, जन्म/विवाह दर्ता, कर अभिलेखजस्ता स्रोतहरूसँग मिलाएर ती व्यक्तिहरूको गतिविधि पत्ता लगाएको बताएको छ भने पाँच हजार २६९ जनालाई फेला पारेर 'फेला परेका' भनेर मार्क गरिएको छ। सुरक्षा अधिकारी मार्केला फिगुएरोआले कतिपय हराउने घटनालाई 'स्वैच्छिक अनुपस्थिति' को रूपमा व्याख्या गर्नुभएको छ। तर खोजी समूहका अगुवा हेक्तोर फ्लोरेसले सरकारले तथ्याङ्कलाई भ्रामक ढङ्गले प्रस्तुत गरेको र वास्तविक समस्या लुकाउने प्रयास गरेको आरोप लगाएका छन्।



प्रतिवेदन अनुसार करिब ४६ हजार (३६%) हराएका व्यक्तिहरूको अभिलेख अपूर्ण छ र ४३ हजार १२८ (३३%) का नाममा कुनै गतिविधि छैन, जसमा १०% भन्दा कम मात्र आपराधिक अनुसन्धानमा छन्।

मेक्सिकोमा हराउने घटनाहरू कर्तेल हिंसा र द्वन्द्वसँग जोडिएका छन्, कतिपय अवस्थामा राज्य निकायको संलग्नता समेत देखिएको छ। मानवअधिकार समूहहरूले भने सरकारले आफ्नो जिम्मेवारी कम गरेको र पारिवारिक खोजीलाई अझ कठिन बनाएको बताएका छन्, जसले परिवारहरूलाई आफैं खोजी गर्न बाध्य बनाएको छ।

# समुद्रमा पसेको छ दिन पछि २२ जना आप्रवासीको मृत्यु

रासस/एएफपी। ग्रीसको समुन्द्री तटमा एउटा डुङ्गामा फसेको छ दिन पछि २२ जना आप्रवासीको मृत्यु भएको डुङ्गामा जीवित रहेका व्यक्तिहरूलाई उदृत गर्दै शनिबार ग्रीक तटरक्षकले बताएका छन्।

यस अघि शुक्रबार राति तटरक्षकले एक महिला र एक नाबालिकासहित २६ जनालाई बयानको आधारमा, तटरक्षकले डुङ्गा गत मार्च -२१ मा पूर्वी लिबियाको बन्दरगाह शहर टोब्रुकबाट ग्रीसको लागि प्रस्थान गरेको बताएका थिए। जुन युरोपेली सङ्घमा शरण खोज्ने धेरै आप्रवासीहरूको प्रवेशद्वार भएको जनाइएको छ।

यात्राको क्रममा डुङ्गामा सवार यात्रुहरूले छ



युरोपेली सीमा एजेन्सीको जहाजले क्रेटबाट उद्धार गरेको बताएको छ। जिवित मानिसहरूले मृतकहरूको शव समुद्रमा फ्याँकिएको बताएका छन्।

दुईजना घाइते व्यक्तिहरूलाई क्रेटको हेराक्लिओनको अस्पतालमा लगिएको तटरक्षकले जनाएका छन्। जिवित व्यक्तिहरूको दिन सम्म खाना र पानीको अभावमा समुद्रीतटमा ज्यान गुमाएको तटरक्षकले बताएका छन्। मृत्युकको शवहरू एकजना तस्करको आदेशमा समुद्रमा फ्याँकिएको बताइएको छ भने, ग्रीक अधिकारीहरूले १९ र २२ वर्षका दुई दक्षिण सुडानी पुरुषहरूलाई तस्करको आरोपमा पक्राउ गरेका छन्।

# रूस-इरानबीच सैन्य प्रविधि सहकार्य तीव्र

रासस/एपी। रूसले युक्रेन युद्धमा प्रयोग गरिएका उन्नत प्रविधियुक्त ड्रोनहरू इरानतर्फ पठाइरहेको विभिन्न अमेरिकी र युरोपेली अधिकारीहरूले बताएका छन्।

रिपोर्टअनुसार, इरानले सुरुमा रूसलाई उपलब्ध गराएको ड्रोन प्रविधिलाई रूसले युक्रेन युद्धका क्रममा थप सुधार गरेको छ। अहिले ती सुधारिएका ड्रोनहरू फेरि इरानतर्फ पठाइँदै छन्।

ती ड्रोनहरूमा उन्नत मार्गनिर्देशन प्रणाली, क्यामेरा, विद्युतीय अवरोध पार गर्ने क्षमता तथा कृत्रिम बुद्धिमत्तामा आधारित सञ्चालन प्रणाली जस्ता विशेषता थपिएका छन्, जसले तिनीहरूलाई अझ प्रभावकारी बनाएको छ। अधिकारीहरूका अनुसार यस महिनामा रूस र इरानबीच ड्रोन हस्तान्तरणबारे सक्रिय छलफल



भएको थियो। यद्यपि कति सङ्ख्यामा ड्रोन पठाइयो वा यो एकपटकको आपूर्ति हो कि निरन्तर हुने हो भन्ने स्पष्ट छैन।

यसैबीच, इरानले पछिल्लो समय मध्यपूर्व क्षेत्रमा विभिन्न स्थानमा ड्रोन आक्रमण तीव्र बनाएको छ। उन्नत ड्रोनको प्रयोगले अमेरिका र उसका सहयोगी राष्ट्रहरूका लागि ती आक्रमण रोक्न थप चुनौती सिर्जना गर्न सक्ने बताइएको छ।

# गुराँस हेर्न पर्यटक घोडेपानीमा

म्याग्दी । 'म त लालीगुराँस भएछु, वनैभरि फुलिदिन्छु, मनैभरि फुलिदिन्छु' स्वर सम्राट नारायणगोपालको यो गीतको शब्दझैँ म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने घोडेपानीको पाखा गुराँस फुलेर रङ्गिएको छ।



वसन्त ऋतुको आगमनसँगै पाखाभरी ढकमक्क लालीगुराँस फुलेर मनमोहक र आकर्षक बनेको घोडेपानी प्रकृतिप्रेमी पर्यटकहरुको रोजाइमा परेको छ। घोडेपानीका होटल व्यवसायी हेमन्त वुद्धुजा पुनले गुराँसको सौन्दर्यमा रमाउन आएका पाहुनाहरुले दुई दिनयता होटलहरु भरिभराउ भएका बताउनुभयो।

"चैतेदसैँ, रामनवमी र शनिबार गरी लगातार तीन दिनको बिदा मनाउनका लागि पोखरा, म्याग्दी र काठमाडौँलगायतका ठाउँबाट आएका पाहुनाहरुले होटलहरु भरिएका छन्," उहाँले भन्नुभयो, "गुराँस फुलेर रंगिएको घोडेपानीको वनपाखा, सूर्योदय, हिमशृङ्खला अवलोकन गर्ने पाहुनाको रोजाइमा घोडेपानी परेको छ।"

घोडेपानीका २७ वटा होटलमा एक दिनमा एक हजार जनाभन्दा बढी बास बस्न सक्छन् । समुन्द्री सतहदेखि दुई हजार आठ सय मिटर उचाइमा रहेको घोडेपानीको जङ्गलमा ढकमक्क लालीगुराँस फुलेपछि मनमोहक बनेको छ।

घोडेपानीको शिरमा रहेको पुनहिलमा चियापसल र प्रवेशशूल्क सङ्कलनको जिम्मा पाएका व्यवसायी सुदीप पुर्जाका अनुसार शुक्रबार मात्रै चार सय जना नेपाली र ५० जना विदेशी भ्रमणमा त्यहाँ पुगेका छन् । हप्तादिनअघि दैनिक दुई सय जनाको हाराहारीमा पाहुनाहरु आइरहेको उहाँले बताउनुभयो ।

चैत-वैशाख गुराँस फुल्ने याम हो । विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय गन्तव्यमा समेटिएको घोडेपानी भ्रमणमा आउने पर्यटकका लागि वसन्त ऋतुको प्रमुख आकर्षण गुराँस हो । पुनहिलमा सूर्योदय र हिमशृङ्खलाको दृश्य अवलोकन गर्न जाने बाटोमा गुराँसको जङ्गल छ। यहाँ रातो, सेतो, चिमाली, सिमालीलगायत जातका गुराँस पाइन्छ।

पाखोमा फुलेका गुराँसको जङ्गलको पृष्ठभूमिमा धौलागिरी, गुर्जा, अन्नपूर्ण, माछापुच्छ्रेलगायत १६ भन्दा बढी हिमाल र सूर्योदयको दृश्य अवलोकन गर्न सकिन्छ। विश्वमा ४२ प्रजातिको गुराँस पाइन्छ। त्यसमध्ये नेपालमा ३२ प्रजातिका छन् । लालीगुराँस नेपालको राष्ट्रिय फूल पनि हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले गरेको अध्ययनअनुसार घोडेपानी क्षेत्रमा १६ प्रजातिका लालीगुराँस पाइने अन्नपूर्ण गाउँपालिकाका पुर्व अध्यक्ष समेत रहेका घोडेपानीका होटल व्यवसायी डमबहादुर पुनले बताउनुभयो।

एकै स्थानमा धेरै प्रजातिका गुराँस पाइने यस क्षेत्रको जङ्गल गण्डकी प्रदेशकै ठूलो भएको उहाँको दाबी छ । घोडेपानी बस्तीको सिरानबाट पश्चिमोत्तर आधा घण्टा गुराँसे जङ्गलभित्र पैदल हिँडेपछि कालीसारस्थित गुराँस पार्क पुगिन्छ। गुराँसले ढाकेको वनमा चराको आवाज सुनेर डुल्दा रमाइलो महसुस र तनावमुक्त बनेको बेनीका अमृत कार्कीले अनुभव सुनाउनुभयो।

स्वच्छ हावापानी र शान्त वातावरणले तन/मन चङ्गा बनाएको पोखराबाट घोडेपानी घुम्न गएका दिया थापाले बताउनुभयो । गुराँस, चराको चिरबिर आवाज र हिमालको दृश्यले लट्ठै बनाएको उहाँले अनुभव सुनाउनुभयो। पाहुनाहरुले गुराँसको जंगललाई पृष्ठभूमिमा पारेर भिडियो/ तस्बिर खिचाएर आनन्द लिन्छन्।

घोडेपानीबाट ४५ मिनेट उकालो हिँडेपछि पुगिने समुन्द्री सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा रहेको पुनहिल सूर्योदय र हिमालको दृश्यावलोकनका लागि प्रसिद्ध गन्तव्य हो । गुराँस पार्कबाट थप १५ मिनेट अगाडि बढेपछि गुराँसकै जङ्गलभित्र रहेको सुन्दर प्यारीबराह ताल पुगिन्छ।

त्यहाँबाट फर्कंदा प्यारीबराहबाट भलखराचौरहुँदै ४० मिनेटमा घोडेपानी बस्तीको पुछारमा आइपुगिन्छ। घोडेपानीको सिरानबाट कालीसार गुराँस पार्क हुँदै प्यारीबराह ताल पुगेर भल्खराकोबाट तल्लो बाटो हुँदै घोडेपानी साइक्लिङ गर्न सकिन्छ। प्यारीबराहबाट घोडेपानीसम्मको घोडचढी (पोन्नी ट्रेल)मा जान सकिन्छ।

घोडेपानीमा एक रात बास बसेको, बेलुकाको खाना, बिहानको खाजासहित रु नौ सय ५० देखि एक हजार ६०० को प्याकेज बनाइएको छ । अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर देखि घार, शिख, चित्रे हुदै २१ किलोमिटर दुरीका पुगिने घोडेपानीमा पोखरादेखि बस सञ्चालन हुन थालेको छ।

कास्कीको नयाँपुलदेखि बिरेठाँटी-उल्लेरी हुदै घोडेपानी जोड्ने कच्चि सडक पनि गत कात्तिकदेखि सञ्चालनमा आएको छ । घान्द्रुक, उल्लेरी, शिख, मोहरेडाडा तर्फबाट घोडेपानी पुग्न सकिने पदमार्गहरु रहेका छन् । अन्नपूर्ण गाउँपालिका-६ का वडा अध्यक्ष रामबहादुर खड्काले पदमार्गको संरक्षण, पुननिर्माण, सडक स्तरोन्नति र सहायक गन्तब्यको पहिचान गरि पूर्वाधार निर्माणमा जोड दिइएको बताउनुभयो।

"सडकमार्ग भएर मुस्ताङ जाने-आउने पर्यटकहरुलाई घोडेपानी भित्र्याउन पोखरेबगरदेखि कास्कीको नयाँपुल जोड्ने वैकल्पिक सडक सञ्चालनमा आएका कारण स्वदेशी पर्यटकको आगमन बढेको छ," उहाँले भन्नुभयो "घोडेपानीमा पर्यटकको बसाई लम्बाउन 'गुराँस पार्क', घोडामार्ग, साइकल मार्ग र सहायक गन्तव्यको पहिचान गरि पूर्वाधार निर्माणमा जोड दिएका छौ ।" रासस

# इटहरीमा छैटौँ 'इस्टर्न ट्राभल मार्ट' शुरु

काठमाण्डु । नेपाल पर्यटन बोर्ड र इटहरी उपमहानगरपालिकाको सहकार्यमा छैटौँ 'इस्टर्न ट्राभल मार्ट' आजदेखि इटहरीमा सुरु भएको छ ।



कोशी प्रदेशका पर्यटकीय सम्भावनालाई अन्तरराष्ट्रिय बजारसँग जोड्ने लक्ष्यसहित सुरु भएको यो मार्ट तीन दिनसम्म सञ्चालन हुने बोर्डले जनाएको छ । कार्यक्रमको उद्घाटन गर्दै कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले कोशी प्रदेश प्राकृतिक, सांस्कृतिक र धार्मिक हिसाबले अत्यन्त समृद्ध रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कोशी प्रदेश नेपालको पर्यटनको 'गेटवे' बन्ने क्षमता राख्छ । हामी यसलाई योजनाबद्ध रूपमा विकास गर्दै अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने दिशामा अघि बढिरहेका छौँ ।" मन्त्री पराजुलीले जैविक विविधता, सिमसार क्षेत्र र वन्यजन्तु पर्यटनका दृष्टिले पनि यो प्रदेश सम्पन्न भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथादेखि समुद्री सतहबाट होचो स्थानमा रहेको कचनकवलसम्म यही प्रदेशमा पर्दछन । यहाँको पर्यटनको अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्न प्रदेश सरकारले पर्यटन पूर्वाधार विकास, लगानी तथा नीति सहजीकरणमा निरन्तर काम गरिरहेको छ । आगामी दिनमा पनि पर्यटन विकासका लागि आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले मार्ट पूर्वी नेपालको पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी मञ्च बन्ने विश्वास व्यक्त गर्नुभयो ।

"हामी पर्यटनलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा अगाडि बढाइरहेका छौँ", उहाँले भन्नुभयो, "१६औँ आवधिक योजना र 'नेपाल पर्यटन दशक' अभियानमार्फत पर्यटनलाई रोजगारी र आय वृद्धिको मुख्य माध्यम बनाइँदैछ ।"

सचिव निरौलाले पूर्वीनेपालको पर्यटन अब सम्भावनाको चरणमा मात्र छैन, कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको उल्लेख गर्दै इष्टर्न ट्राभल मार्टजस्ता मञ्चहरूले यसलाई अन्तरराष्ट्रिय बजारमा कोशीलाई चिनाउने आधार तयार गरेको बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले पर्यटनलाई संस्कृति, अर्थतन्त्र र मानिसलाई जोड्ने माध्यमको रूपमा व्याख्या गर्दै पूर्वी नेपाललाई साहसिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको महत्वपूर्ण केन्द्र भएको बताउनुभयो । उहाँले मकालु, कञ्चनजङ्घा क्षेत्रका पदमार्ग, इलामका चिया बगान, धार्मिक स्थलहरू र साहसिक गतिविधिहरूले पूर्वी नेपाललाई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सक्ने बताउनुभयो ।

नेपाल एसोसिएसज अफ टुर एण्ड ट्राभल्स नाटा कोशी प्रदेशका अध्यक्ष तथा मार्ट संयोजक पूण्यप्रसाद भट्टराईले मार्टको उद्देश्य सीमा क्षेत्रका पर्यटन व्यवसायीहरूलाई एउटै प्लेटफर्ममा ल्याई व्यापार विस्तार गर्नु रहेको बताउनुभयो ।

बोर्डका वरिष्ठ निर्देशक हिक्मतसिंह ऐरलाई पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको थियो । वरिष्ठ निर्देशक ऐरले नेपालको पूर्वी क्षेत्रको पर्यटन प्रवर्द्धनसहित देशभरका सातै प्रदेशमा ट्राभल मार्ट सुरु गर्नुभएको थियो । यसले सीमावर्ती पर्यटन बजारलाई जोड्न महत्वपूर्ण कडीका रुपमा लिइएको छ ।

कार्यक्रममा भारतीय दूतावासका प्रथम सचिव नारायण सिंह लगायत भारत र भुटानबाट आएका पर्यटन व्यवसायीहरूको उल्लेखनीय सहभागिता रहेको छ । आयोजकका अनुसार भारतका बंगाल, विहार र सिक्किम तथा भुटानबाट एक सयभन्दा बढी अन्तरराष्ट्रिय पर्यटन व्यवसायीको सहभागिता र नेपालका विभिन्न प्रदेशबाट ५० भन्दाबढी व्यवसायी सहभागी भएका छन् । मार्ट आगामी चैत १६ गतेसम्म सञ्चालन हुने बोर्डले जनाएको छ । रासस

## रानीबासको ऐतिहासिक 'चमेरे गुफा'संरक्षणमा स्थानीय सरकार

भोजपुर । हतुवागढी गाउँपालिका-१ रानीबासमा अवस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको चमेरे गुफा संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकार सक्रिय बनेको छ। प्राकृतिक बनावट, ऐतिहासिक पृष्ठभूमि र धार्मिक आस्थासँग जोडिएको यस गुफालाई व्यवस्थित गर्दै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित वडाले योजनाबद्ध रूपमा काम अघि बढाएको हो ।

ओझेलमा परेको यो स्थानको उजागर गर्दै आन्तरिक तथा बाह्य पर्यटक भित्राउने उद्देश्यले संरक्षण, पहुँच विस्तार र प्रचारप्रसारका कामलाई प्राथमिकतामा राखिएको वडा कार्यालयले जनाएको छ। गुफा आसपासको स्थानको संरक्षण, बाटो व्यवस्थापनलाई एकीकृत रूपमा अगाडि बढाइएको छ।

गुफासँगै रहेको राज गैया देवी थानका कारण यस क्षेत्रको धार्मिक महत्वसमेत उच्च रहेको वडाध्यक्ष कुमार विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार गुफासम्म पुग्न सहज बनाउन सिँढीसहितको पैदलमार्ग निर्माण गरिएको छ। जसले स्थानीय तथा आगन्तुकलाई सहज पहुँच दिएको छ। पहिले यहाँ पुग्न निकै कठिन रहेकोमा अहिले संरचना बनेपछि पुग्न सहज भएको उहाँको भनाइ छ।

वडाको सीमित स्रोतसाधनका बाबजुद पनि हरेक वर्ष थोरै भए पनि बजेट छुट्याएर संरक्षण तथा पूर्वाधार विकासका कामलाई निरन्तरता दिइएको उहाँको भनाइ छ। चालु आर्थिक वर्षमा मात्रै रु ५० हजार बजेट विनियोजन गरिएको छ। "चमेरे गुफा र राज गैया देवीथान हाम्रो वडाको पहिचान र गौरवका विषय हुन्," वडाध्यक्ष विष्टले भन्नुभयो, "यस क्षेत्रलाई व्यवस्थित बनाउँदै पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने लक्ष्य राखेका छौँ ।"

स्थानीय बुढापाकाका अनुसार प्राचीन समयमा युद्धका बेला एक रानीले यही गुफामा लुकेर ज्यान जोगाएको किम्बदन्ती छ ।रासस

# आन्तरिक पर्यटनमा आशा जगाउँदै सकियो 'जाउँ है पोखरा'

गण्डकी । होटेल सङ्घ नेपाल (हान) पोखराको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको समन्वय तथा सहकार्यमा चैत ९ गतेदेखि पूर्वी नेपालका प्रमुख सहरहरूलाई लक्षित गरी सञ्चालित 'जाउँ है पोखरा' कार्यक्रम शुक्रबार सकिएको छ।

आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यका साथ विगत २५ वर्षदेखि बर्सेनि देशका प्रमुख सहरहरूमा 'जाउँ है पोखरा' अभियान सञ्चालन गरिरहेको सङ्घले यस



पटक पूर्वी नेपालका वीरगञ्ज, हेटौँडा, विराटनगर र इलाममा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरेको सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो।

अभियानका क्रममा पूर्वी नेपालका पर्यटन व्यवसायीसँग पर्यटकीय साझेदारी, छलफल, अन्तर्क्रिया गर्नुका साथै प्रचार सामग्री वितरण गरिनुका साथै आन्तरिक पर्यटनका विभिन्न आकर्षक प्याकेजसमेत सार्वजनिक गरिएको थियो।

उक्त अवसरमा सङ्घकै आयोजनामा हरेक नेपाली नयाँ वर्षका अवसरमा गरिँदै आएको फेवा नववर्ष महोत्सवको २१ औँ संस्करण यस वर्ष चैत २९ गतेदेखि वैशाख १ गतेसम्म फेवातालको किनारा 'लेकसाइड' क्षेत्रमा सञ्चालन हुने जानकारी गराउँदै छ। रासस


**Nepal Rastra Bank**

**Janakpur Office**

## Invitation for Sealed Quotation

**Sealed Quotation No: NRB/JNP/SQ/Goods/02/2082/83**

**Date of first Publication: 2082/12/15**

| S. N. | Sealed Quotation No. | Goods | Quantity | Bid Bond Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | NRB/JNP/SQ/Goods/ 02/2082/83 | 2.0 ton Air Conditioner | 4 Units | 23,000.00 |

1. The Nepal Rastra Bank (NRB), Janakpur Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of above goods.
2. Interested eligible Suppliers may obtain further information and inspect the Sealed Quotation Forms at the office of Nepal Rastra Bank, Janakpur Office, Tel: 041-426628, 041-426498, Email: nrbjnp@nrb.org.np.
3. Sealed Quotation Forms may be purchased from Nepal Rastra Bank, Janakpur Office, Internal Administration Unit, by eligible Suppliers on the submission of a written application copy of company/firm registration certificate, VAT/PAN Registration, Tax Clearance (FY 2081/082), authorized dealer certificate of any brand and upon payment of a non-refundable fee of NRs.1000.00 till 2082/12/29 during office hours deposited in:
   **Bank Name:** Nepal Rastra Bank
   **Account Name:** Profit/Loss Miscellaneous Account,
   **Account Number:** 1600000/030/002/524.
4. Sealed Quotations must be submitted to the above office on or before 12:00 Noon on 2082/12/30. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days from the last date of submission of Sealed Quotations and must be accompanied by Cash Security or Bank Guarantee from bank or financial institutions licensed by Nepal Rastra Bank, amounting to NRs. 23,000 which shall be valid for 75 days from the last date of submission of Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Sundry Creditors Account No 1609999-011-001-524 at Nepal Rastra Bank, Janakpur Office and the receipt of the deposited amount of cash must be submitted along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of suppliers' authorized representatives who choose to attend at 2:00 PM on 2082/12/30 at the Nepal Rastra Bank, Janakpur Office.
8. If the last date of purchasing and/or submission and opening falls on a public holiday then the next working day shall be considered as the last day.
9. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.



**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मंत्रालय**

**कृषि विकास निर्देशनालय**

**कृषि ज्ञान केन्द्र**

**गौर, रौतहट**

## सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत आवश्यक यन्त्र उपकरणहरूको सिलबन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धि सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०८२।१२।१५**

यस कृषि ज्ञान केन्द्र, रौतहटबाट चालू आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग तथा अन्य कार्यक्रम अन्तर्गत स्यालो ट्यूबवेल/मोटर जडान गर्ने कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मा. मन्त्रीस्तरीय) निर्णयानुसार लागु भएको भूमिगत सिचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा कार्यक्रम संचालन विधी, २०८२ बमोजिम योग्यता पुगेका ईच्छुक यन्त्र उपकरण उत्पादक, आपुर्तिकर्ता र आधिकारिक वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन अर्थात् मिति २०८३।०१।१४ गते (सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट) दिनको १२ः०० बजे भित्र यस कार्यालयमा सिलबन्दी दररेट पेश गर्न सूचित गरिन्छ। रीतपुर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिन दिनको २ः०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। आपूर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। साथै यस कार्यालयबाट उपलब्ध हुने निर्दिष्ट फाराम कार्यालयको वेबसाईट http://akcrautahat.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

**आवश्यक कागजात तथा शर्तहरुः**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. फर्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने ।
३. PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
४. पछिल्लो आ.व. अर्थात आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फाराम (पूर्णरुपमा भरिएको) ।
६. पछिल्लो तीन आ.व.को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव २ वर्षको हुनुपर्ने) ।
७. आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने स्यालो ट्यूबवेल/मोटर जडानका यन्त्र उपकरणहरु आपुर्तिका लागि कम्तिमा रु.५,००,०००।- (पाँच लाख) को १३ महिनासम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबर रकम यस कृषि ज्ञान केन्द्रको कार्यालय कोड नं. ३१२०१२००१२, खाताको नाम प्र.ले.नि.का. खाता नं. १२१०१००२०२०३०००० रा. बा. बैंकको धरौटी खातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ। साथै पछी बजेट थप भएको खण्डमा सूचिकृत आपूर्तिकर्तालाई कार्यालयले तोके अनुसारको धरौटी रकम थप गर्नु पर्नेछ।
८. आपुर्तिकर्ताले यन्त्र उपकरणहरुमा अनुदान कार्यक्रमका लागि सबै यन्त्र उपकरणहरुको वा आंशिक यन्त्र उपकरणहरुको सिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ। कार्यालयले प्रस्तावको शिर्षक अनुसार मूल्याँकन गर्नेछ।
९. पछिल्लो तीन आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने) ।
१०. सुचिकृत भएको आपूर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधार मानी मूल्य तोकिनेछ। छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको स्यालो ट्यूबवेल/मोटर जडानका यन्त्र उपकरणहरु सुचिकृत भएका आपूर्तिकर्ताबाट सम्बन्धित यन्त्र उपकरणहरु खरिद गर्नेछन् ।
११. यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रहि अनुदानग्राहीबाट माँग भएको स्यालो ट्यूबवेल/मोटर जडानका लागि यन्त्र उपकरणहरु आपुर्ति गर्नुपर्नेछ। यसरी आपुर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्नेछ। अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरि यस कार्यालयबाट भुक्तानी हुनेछ।
१२. यस केन्द्रमा पेश हुन आएका शिलबन्दी प्रस्तावहरू आंशिक वा पुर्णरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अन्तिम अधिकार यस केन्द्रमा निहित रहनेछ।
१३. यस कार्यक्रमको लागि स्वीकृत बजेटको परिधि भित्र रहि आपुर्ती हुने यन्त्र उपकरणको परिमाण थपघट हुन सक्ने छ।
१४. रित नपुगेको, शर्त राखी वा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कार्यवाही गरिने छैन।
१५. यस सूचनामा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराहरू प्रचलित ऐन, कानुन, कार्याविधी बमोजिम हुनेछ।
१६. आपूर्तिकर्ताले आपुर्ति सम्बन्धी कुनै कसुर नगरेको तथा कालो सुचिमा नपरेको स्व-धोषणा समेत पेश गर्नु पर्नेछ।

**कार्यक्रमको दरखास्त फारामहरु यस कार्यालयको वेवसाइट http://akerautahat.madhesh.gov.np मा डाउनलोड सेक्सनमा राखिएको छ। विस्तृत विवरणको लागि कार्यालय समयमा सूचना अधिकारीको सम्पर्क नंः ९८५५०४०१२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।**

**नि. कार्यालय प्रमुख**

# आगलागीमा तीन करोड बढीको क्षति



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा रहेको एक इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल पसलमा आगलागी हुँदा तीन करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ ।

मिल्स एरियामा कालीचरण अग्रवालको घरमा सञ्चालनमा रहेको सर्लाहीको मलंगवा निवासी सुजाता गुप्ताको "दुर्गा ट्रेडलिंक" नामक पसलमा दिउँसो करिब १ बजे आगलागी भएको हो । आगलागीका कारण पसलभित्र रहेका सम्पूर्ण इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान जलेर पूर्ण रूपमा नष्ट भएका छन् । पसल सञ्चालिका गुप्ताका अनुसार क्षति तीन करोडभन्दा बढी पुगेको हो ।

प्रारम्भिक अनुसन्धानका आधारमा विद्युत् सर्ट सर्किटका कारण आगलागी भएको अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । प्रवक्ता डीएसपी गणेश बहादुर बमले वास्तविक क्षतिको विवरण भने थप अनुसन्धानपछि मात्र स्पष्ट हुने बताए ।

दुई/तीन घण्टाको प्रयासपछि आगो नियन्त्रणमा लिइएको थियो । जनकपुरधाम उपमहानगरपालिकाको दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा स्थानीयवासीको संयुक्त प्रयासमा आगो निभाइएको प्रहरीले जानकारी दिएको छ ।

# दोहोरो हिंसाको शिकार दलित महिला

**टुडे समाचारदाता**

जनकपुरधाम । देशभर लैंगिक हिंसाको शिकार सबभन्दा महिला हुने गरेको विभिन्न तथ्यांकहरु देखाउंछन् । त्यसमा पनि दलित महिला दोहोरो हिंसाको शिकार हुने गरिएको दाबी विभिन्न सरोकारवाला निकायहरुले गरेका छ्न ।

दलित महिला घरभित्र र घर बाहिर दुवै गरी दोहोरो हिंसाको शिकार हुने गरेको सरोकारवाला निकायहरुको भनाई छ। वर्ल्ड बैंकका अनुसार दलित महिला जात व्यवस्था र लैंगिक असमानताका कारण दोहोरो सीमान्तीकरणमा परेका छन् । उनीहरू घरभित्र र बाहिर दुवै स्थानमा अधिक हिंसा भोग्न बाध्य छन् ।

दलित महिलाः राष्ट्रिय दलित आयोगमा पर्ने उजुरीमध्ये लैंगिक आधारमा महिलामाथि हुने हिंसाका उजुरी ४६.५५ प्रतिशत छ । जसमा जातीय विभेद भोग्ने सबैभन्दा बढी ३३.३३ प्रतिशत छ । आयोगका अनुसार दोहरो हिंसाको शिकारमा पर्ने दलित महिलाहरु सबभन्दा बढी तराई मधेशको रहेको छ । आयोगको तथ्यांकले घरभित्र दलित महिलाको बालविवाह गर्ने, विवाह गरेर धोका दिने, बच्चा जन्मेपछि जन्मदर्ता र नागरिकता नबनाउने, घरपरिवारले नस्वीकार्ने लगायतका २२.२२ प्रतिशत समस्या छन् ।

घर बाहिर राजनीतिक र सरकारी निकायमा पहुँच हुन नदिने लगायतका हिंसा कायम रहेको छ। दलित महिलालाई पहुँचबाट टाढा राख्न शिक्षाबाट वञ्चित गर्ने प्रवृति तराई मधेशमा बढी रहेको आयोगको भनाई छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, सूचना तथा सञ्चार महाशाखाका अनुसार पछिल्लो १५ महिना (२०८१ चैत-२०८२ असोज) मात्र ११.५४ प्रतिशत दलित महिला हिंसापीडित छन् । ओरेक नेपालले



गरेको अध्ययन अनुसार पछिल्लो समय मुलुकभित्र बढ्दै गएको बलात्कारका घटनामा देशको कुल जनसंख्याको ७ प्रतिशत दलित महिला नै सिकार हुने गरेका छन् ।

राष्ट्रिय महिला आयोगले पनि पछिल्लो १५ महिनाको तथ्यांकमा अभिलेख भएका घटनामध्ये ११.३४ प्रतिशत दलित महिलासँग सम्बन्धित रहेको तथ्यांक सार्वजनिक गरेको छ । महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालको अभिलेख अनुसार हिंसापीडित महिलामा दलित महिलाको संख्या २७ प्रतिशत छ ।

ओरेकले सन् २०२५ अक्टोबरदेखि डिसेम्बरभित्र गरेको अध्ययन अनुसार ३ सय ४५ वटा महिला हिंसाका घटनामध्ये चार जना (१५.३८) तराईका दलित महिलाको हत्या गरिएको छ । मानव अधिकार आयोगको अभिलेखमा हिंसामा पर्ने दलित महिलाको संख्या १० प्रतिशत छ ।

अनौपचारिक सेवा केन्द्र (इन्सेक)को अभिलेखमा समग्र महिलाभित्र २२.५८ प्रतिशत दलित महिला हिंसामा छन् । अन्य निकायको अभिलेखमा पनि करिब यस्तै अवस्था देखिन्छ । जनसंख्याको हिसाबले दलित महिला अत्यधिक हिंसामा पर्ने गरेको तथ्यांकले देखाउँछ। मिडियाका विषयवस्तु विश्लेषण गर्दा समाजमा जघन्य अपराध भइरहँदा मिडिया भने सामान्य औपचारिक तथा भाषणजन्य विषयमै अल्झिरहेको देखिन्छ ।

२०७८ सालको जनगणना अनुसार समग्रमा ३९ प्रतिशत दलित महिला निरक्षर छन् । तराईमा ३१.६ प्रतिशत मधेसी दलित महिला कहिल्यै विद्यालय जान पाएका छैनन् । तराईका ५५.९ प्रतिशत र पहाडका २९.९ प्रतिशत दलित महिला निरक्षर छन् । १५.७ प्रतिशतमात्रै दलित महिलाको नाममा घरजग्गाको स्वामित्व छ ।

२०६३ सालमा पहिलोपटक अन्तरिम व्यवस्थापिका-संसद्मा ६ जना दलित महिलाको प्रतिनिधित्व थियो । २०६४ मा २५, २०७० मा २२, २०७४ मा १४ र २०७९ मा ८ जना दलित महिला संसदमा स्थान पाए । संघीय सरकारमा अहिलेसम्म दलित महिला क्याबिनेटमन्त्री बनेका छैनन् ।

राष्ट्रिय दलित आयोगको तथ्यांकमा जातीय छुवाछुत, गालीगलौज तथा कुटपिटका घटना सबैभन्दा बढी ६० प्रतिशत छन् । आयोगका अनुसार दलित भएकै कारण डेरा नपाउने (सरकारी कर्मचारीले समेत), समाजले बहिष्कार गर्ने, जातीय भेदभाव गरी कुटपिटमा पर्ने (१८.५१ प्रतिशत), विभेद गरी अभद्र व्यवहारबाट पीडित (१४.८१ प्रतिशत) छन् ।

यसका साथै जबर्जस्ती करणी गरेको भनी न्यायका लागि जाँदा प्रहरीले उजुरी नलिँदा समस्यामा पर्ने (७.४ प्रतिशत) र बोक्सीको आरोपमा प्रताडनामा पर्ने (३.७ प्रतिशत) गरेको छ । मनोरञ्जन क्षेत्रमा काम गर्दा सहकर्मीले नै यौनशोषण गरी अन्तमा जातकै कारण सम्बन्ध अगाडि बढाउन नसक्ने भनी हिंसा गर्नेजस्ता समस्यासमेत दलित महिलाले भोग्नुपरेको छ ।

समता फाउन्डेसनले गरेको अध्ययनअनुसार पछिल्लो ११ महिना (२०८२, वैशाख-फागुन) मा जातीय भेदभाव तथा छुवाछूतका आधारमा दलित मानव अधिकार हनन्सँग जोडिएका हेर्दा ५६ वटा घटना भएका छन् ।

फाउन्डेसनले 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' लाई आधार मानेर गरेको अध्ययनअनुसार यो संख्या ६०, २०८० मा पनि ६० र २०७९ मा ५५ थियो । दलित मानव अधिकारसँग अप्रत्यक्ष रूपमा जोडिएका २० वटा घटना भए। गत वर्ष यो संख्या २५ थियो । २०८१ को तथ्यांक हेर्दा सार्वजनिक वा निजी स्थानमा जातका आधारमा विभेद/छुवाछूत/निषेधसम्बन्धी १६ वटा घटना भएको छ ।

# एमालेका ७ जना पक्राउ, प्रहरीद्वारा आश्रुग्यास र लाठी चार्ज

**टुडे समाचारदाता**

काठमाण्डू । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पक्राउको विरोधमा शनिबार काठमाडौँमा एमाले कार्यकर्ताहरूले गरेको विरोध प्रदर्शनको क्रममा प्रहरीले सात जना प्रदर्शनकारीलाई पक्राउ गरेको छ भने एक जना घाइते भएका छन् ।

प्रदर्शनकारी र प्रहरीबिच बबरमहल, बानेश्वर र माइतीघरलगायत क्षेत्रमा झडप भएको थियो । प्रदर्शनकारीहरूले सडकमा टायर बालेर अवरुद्ध पार्दै ओलीलाई निःशर्त रिहा गर्नुपर्ने माग राखेका थिए । तनावग्रस्त अवस्था नियन्त्रण लिन प्रहरीले कयौं राउण्ड आश्रुग्यास प्रहार र लाठी चार्ज गरेको छ ।

सो लाठी चार्जबाट आधा दर्जनभन्दा बढी प्रदर्शनकारी घाइते भएको जनाइएको छ । प्रहरीले एमाले नेता कार्यकर्ताहरुलाई धरपक्कड गर्न थालेपछि दुवै पक्षबीच झडड समेत भएको छ । झडपको क्रममा प्रहरीले लाठी गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईले दिएको जानकारीअनुसार बबरमहल क्षेत्रबाट सात



जना एमालेका प्रदर्शनकारीलाई पक्राउ गरिएको हो । पक्राउ परेका सातै जनालाई काठमाडौँ जिल्ला प्रहरी परिसर भद्रकालीमा राखिएको उनले जानकारी दिए ।

प्रहरीसँगको झडपमा एक जना प्रदर्शनकारी घाइते भएका छन् । घाइतेको टाउकोमा चोट लागेको भए पनि उनलाई उपचारपछि डिस्चार्ज गरिएको एसपी भट्टराईले जानकारी दिए । प्रदर्शन नियन्त्रणमा लिनका लागि प्रहरीले एक राउन्ड अश्रुग्याँस प्रहार गरेको थियो । ओलीको पक्राउको विरोधमा आज एमाले कार्यकर्ताहरूले देशका विभिन्न ठाउँमा प्रदर्शन गरेका थिए ।

प्रदर्शनकारीहरुले जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन जलाएका छन् । पार्टी अध्यक्ष केपी शर्मा ओली पक्राउको विरोधमा एमाले कार्यकर्ताहरुले शनिबार पार्टी कार्यालय च्यासल बाहिर जाँचबुझ आयोगको प्रतिवेदन जलाएका हुन् । उनीहरुले वर्तमान सरकारले प्रतिशोध साँध्न खोजको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

त्यस्तै शनिबार नै एमाले निकट अनेरास्ववियुले काठमाडौं भृकुटीमण्डपमा विरोध प्रदर्शन गरेका छन् । अध्यक्ष ओलीलाई रिहाईको माग गर्दै उनीहरुले टायर बाल्दै प्रदर्शन गरेका हुन् । उनीहरु पनि जाँचबुझ आयोगको प्रतिवेदन जलाएका थिए । राजनीतिक प्रतिशोध राखेर पक्राउ गरेको भन्दै एमाले सचिवालयले आन्दोलनको घोषणा गरेको छ ।


यसैबीच एमाले सचिव तथा पूर्वमन्त्री महेश बस्नेत पक्राउ पर्ने चर्चा सामाजिक सन्जालमा व्यापक छ । तर, प्रहरीले त्यस्तो कुनै आदेश वा तयारी नभएको बताएको छ ।

विभिन्न डिजिटल प्लेटफर्ममा बस्नेत पक्राउ पर्ने र प्रहरी उनको भक्तपुर, गुण्डुस्थित घर वरपर पुगेको चर्चा छ । भक्तपुरका प्रहरी प्रवक्ता डीएसपी प्रकाश जवेगुले ती सबै निराधार हल्ला भएको बताए । उनलाई पक्राउ गर्न प्रहरी संगठनको कुनै तहबाट आदेश नआएको जवेगुको भनाइ छ ।

# प्रतिशोधको भावनाले कारवाही गरेको हो : मेयर महतो

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो पटक सम्पन्न प्रतिनिधि सभाको सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारलाई सहयोग गरेको भनी कारवाहीमा परेका धनुषाको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले आफूलाई प्रतिशोधको भावनाले कारवाही गरिएको बताएका छन् ।




शनिवार उनले एक पत्रकार सम्मेलन आयोजना गरी भने क्षेत्रिय समितिको आफूसहित तीन जनालई गरेको कारवाहीको निर्णय पार्टीको विधान सम्मत नभई प्रतिशोधको भावनाले गरिएको हो। उनले भने आफूमाथि लगाइएको आरोप कपोलकल्पित निराधार हो, आरोप प्रमाणित भयो भने आरोप प्रमाणितकै दिन सम्पूर्ण पदीय जिम्मेवारीबाट राजीनामा दिनेछु ।

नेता महतोले सबभन्दा पहिला त क्षेत्रिय समितिलाई कसैलाई कारवाही गर्ने अधिकारै छैन, बरु कारवाहीका सिफारिस गर्न सक्ने हो । क्षेत्रिय समितिले आफूमाथि जुन आरोप लगाएको त्यसको पुष्टि गर्नुपऱ्यो । आरोप बारे स्पष्टीकरणसम्म नसोधिकन तानाशाह प्रवृतिले आफूमाथि कारवाहीको निर्णय नै थोपि दियो । यो निर्णय म मान्छिन र न्यायका लागि पार्टीका उच्च तहसम्मसहित कानून उपचारसम्म जानेछु ।

उनले थप्दै भने पछिल्लो महाधिवेशनमा म लगायतका टीमले गगन थापा समूहलाई सहयोग गरेका थियौं, त्यसकै प्रतिशोध स्वरुप पार्टी भित्र हाली मुहाली रहेका केही व्यक्तिले कारवाही गरेको हो । आफूमाथि कारवाही साबित नभए यस्ता गलत निर्णय गर्ने नेता तथा पदाधिकारीहरुमाथि विधान अनुसार कारवाहीको पार्टीको उच्च तहमा गर्नेछु ।

नेपाली कांग्रेसका क्षेत्रिय सभापति कुमरकान्त मिश्रको अध्यक्षतामा बसेको बैठकले नगरप्रमुख महतोलाई ६ वर्षकालागि निलम्बनसहित बटेश्वर गाउँपालिकाका अध्यक्ष समेत रहेका वडा नम्बर ३ का अध्यक्ष राममणि महतो र मिथिला नगरपालिका वडा नम्बर २ का पार्टी सभापति अशेश्वर महतोलाई सभापति पदबाट मुक्त गरिएको भन्ने शुक्रवार निर्णय गरेको थियो ।

बैठकले नगर प्रमुख महतो रास्वपाको सदस्यता लिएको दाबी गर्दै निर्वाचनमा उम्मेदवारविरुद्ध लागेर रास्वपाका उम्मेदवारको प्रचार प्रसार लिएको उनलाई मत दिलाएको आरोप लगाउँदै कारवाहीको निर्णय गरेको थियो ।

# गोरु तस्करी आरोपमा दुई जना पक्राउ

**टुडे समाचारदाता**




बारा । बारा जिल्लासँग जोडिएको नेपाल-भारत सीमामा अवैध गतिविधिविरुद्ध सुरक्षाकर्मीले कडाइ बढाउँदा मदिरा र गोरु तस्करीका दुई अलग-अलग प्रयास असफल बनाइएका छन् ।

दुवै घटनामा गरी दुई जनालाई पक्राउ गरिएको छ भने ठूलो परिमाणमा मदिरा र दुई वटा गोरु बरामद गरिएको छ ।

सशस्त्र सीमा बल (एसएसबी) ७१औं बटालियन पिपराकोठिका सहायक कमाण्डेन्ट बिश्वजित तिवारीका अनुसार गोप्य सूचनाको आधारमा शुक्रबार राति करिब ९:३० बजे समवाय बरहडवा र प्रहरी चौकी जितनाबीच समन्वय गरी संयुक्त नाका खडा गरिएको थियो। त्यसपछि अतिरिक्त सुरक्षाकर्मी परिचालन गर्दै सीमामा विशेष निगरानी बढाइएको थियो ।

सोही निगरानीका क्रममा सीमा स्तम्भ नम्बर ३६७/०२ नजिक, भारततर्फ करिब ४०० मिटर भित्र पर्ने बेरेला गाउँ आसपास मध्यराति १२:३५ बजेतिर नेपालबाट सामान बोकेर आउँदै गरेका केही व्यक्ति देखिएका थिए। शंका लागेपछि सुरक्षाकर्मीले रोकिन आदेश दिए पनि उनीहरू सामान फालेर भाग्न खोजेका थिए ।

खेद्ने क्रममा एक जनालाई नियन्त्रणमा लिन सफल भएको र अन्य व्यक्ति अँध्यारोको मौका छोप्दै नेपालतर्फ फरार भएको जनाइएको छ। पक्राउ पर्नेमा बिहारको पूर्वी चम्पारण जिल्ला अन्तर्गत बेला जितपुरका सुधांशु शर्मा रहेका छन् ।

घटनास्थलमा फालिएका सामान जाँच गर्दा जुटका ६ वटा बोराभित्र 'कस्तुरी (निम्बु फ्रेश)' ब्रान्डका ३०० एमएलका ५८० बोतल, अर्थात् करिब १७४ लिटर मदिरा फेला परेको एसएसबीले जनाएको छ। बरामद मदिरा नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाइएको छ भने पक्राउ परेकालाई थप अनुसन्धानका लागि प्रहरी चौकी जितनामा बुझाइएको छ ।

यसैबीच, अर्को अपरेशनमा गोरु तस्करी पनि विफल पारिएको छ । मोतिहारीस्थित ७१ बटालियनबाट प्राप्त सूचनाका आधारमा महुवा क्षेत्रको गस्ती टोलीले सीमा स्तम्भ नम्बर ३७५/११ नजिकबाट दुई वटा गोरुसहित एक जनालाई नियन्त्रणमा लिएको हो ।

एसएसबीका प्रवक्ता बिनित कुमार सिंहका अनुसार पक्राउ पर्नेमा पूर्वी चम्पारणको मसाही गाउँका मोहम्मद साबिर रहेका छन् । प्रारम्भिक अनुसन्धानले ती गोरुहरू नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरिएको देखाएको छ ।

बरामद गोरु तथा पक्राउ परेकालाई आवश्यक प्रक्रिया पूरा गरी महुवा प्रहरी चौकीमा बुझाइएको एसएसबीले जनाएको छ ।

# दुई हजार बढी ग्यास बुलेट भित्रिए

**टुडे समाचारदाता**

वीरगञ्ज । डेढ महिनाको अवधिमा वीरगञ्ज भन्सार कार्यालय हुँदै दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट भित्रिएका छन् । पछिल्लो समय




मध्यपूर्वका देशमा देखिएको संकटसँगै नेपालसहित अन्य मुलुकमा एलपी ग्यासको अभाव देखिएको छ ।

यसैबीच, वीरगञ्ज नाका हुँदै फागुनमा मात्रै एक हजार ५६० वटा एलपी ग्यासका बुलेट भित्रिएका भन्सार कार्यालयले जनाएको छ। कार्यालय मातहत पर्ने एकीकृत भन्सार जाँच चौकीको व्यवस्थापन गर्दै आएका टिआरएस हिमायन लजी पार्कका 'अपरेसन हेड' गणेश घिमिरेले गत फागुनदेखि चैत १३ गतेसम्मको अवधिमा दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट वीरगञ्ज नाका हुँदै भित्रिएका जानकारी दिए ।

'गत माघमा एक हजार ४०३ वटा एलपी ग्यासका बुलेट भित्रिएका थिए', उनले भने, 'चैतको १३ गतेसम्म पनि ५७६ वटा बुलेट भित्रिएका छन् ।' वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको सात महिनामा यो नाका हुँदै रु २० अर्ब ८५ करोड मूल्य पर्ने २० करोड २८ लाख २० हजार ९३२ किलो एलपी ग्यास आयात भएको छ ।

गत आवको सात महिनाको अवधिमा रु २४ अर्ब छ करोड मूल्य पर्ने २१ करोड ४२ हजार ७८१ किलो एलपी ग्यास आयात भएको थियो ।

# मधेशमा एमालेको विरोध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाईपक्राउगरिएकोविरोधमा मधेश प्रदेशका जनकपुरधामसहित विभिन्न जिल्लामा विरोध प्रदर्शन गरिएको छ ।

शनिबार एमाले



नेता कार्यकर्ताहरुले आफ्ना पार्टी अध्यक्ष पक्राउ परेको विरुद्ध प्रतिशोधको भावनाले पक्राउ गरिएको भन्दै विरोध प्रदर्शन गरेका हुन । पार्टी कार्यालय नजिक ती नेता कार्यकर्ताहरुले पूर्व प्रधानमन्त्री केपी ओलीलाई रिहा गर, प्रतिशोधको राजनीति बन्द गर लगायतका नाराबाजीगरेक थि। यस्तै प्रदेशको सप्तरी र पर्सा जिल्लामा समेत विरोध प्रदर्शन गरिएको छ ।

पर्साको वीरगञ्जमा एमाले कार्यकर्ताहरू सडकमा उत्रिएका छन् । अध्यक्ष ओलीको गिरफ्तारीलाई राजनीतिक प्रतिशोधको परिणाम बताउँदै उनीहरूले तत्काल रिहाइको मागसहित विरोध प्रदर्शन गरेका हुन् ।

पर्साको सदरमुकाम वीरगञ्जस्थित मुख्य घण्टाघर चोकमा भेलाभएका प्रदर्शनकारीहरूले सरकारविरुद्ध चर्का नाराजुलुस गरेका थिए। सहभागीहरूले 'राजनीतिक प्रतिशोध बन्द गर', 'अध्यक्ष ओलीलाई विना सर्त रिहा गर' जस्ता नारासहित प्रदर्शन अघि बढाएका थिए ।

विरोध कार्यक्रममा नेकपा एमाले पर्साका जिल्ला अध्यक्ष विश्वमबर शर्मा, नेता बिचारी यादव, जालिम मिया, लियाकत अलीसहित पार्टीका अन्य नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वक्ताहरूले सरकारले पूर्वाग्रहपूर्ण ढंगले विपक्षी नेतामाथि दमन गरेको आरोप लगाउँदै लोकतान्त्रिक मूल्य-मान्यतामाथि आक्रमण भएको बताएका थिए। उनीहरूले आवश्यक परे आन्दोलनलाई अझ सशक्त रूप दिनका लागि तयार रहेको चेतावनी पनि दिए ।

यस्तै सप्तरीको राजविराजमा समेत एमाले नेता कार्यकर्ताहरुले विरोध प्रदर्शन गरेको छ। उनीहरुले पार्टी कार्यालयबाट निस्केको विरोध जुलुस नगरको विभिन्न भागमा परिक्रमा गरेको थियो । उनीहरुले पनि पार्टी अध्यक्षलाई तत्काल रिहा नगरे कडाभन्दा कडा आन्दोलन गर्ने चेतावनी दिएका छन ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८